# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा नै सभ्यताको मूल र विकासको पूर्वाधार हो । संसारमा सबै प्राणीहरूमा सर्वश्रेष्ठ प्राणी मानव हो भने मानव जीवनलाई सर्वश्रेष्ठ बनाउने सशक्त साधन शिक्षा हो । जुनसुकै देशका जनताको जीवनस्तरको सकारात्मक परिवर्तनका लागि उनीहरूमा आत्मबल अभिवृद्धि गर्नका लागि ज्ञान, सिप र धारणामा सचेतता ल्याई सक्षम, योग्य र अनुशासित नागरिक तयार पार्नका लागि शिक्षाको अहम भूमिका रहेको हुन्छ । शिक्षा क्षेत्रको विकास गर्न सकेमा मात्र मानवको विकास सम्भव हुन्छ ।

समुदाय, समाज र शिक्षाबीच अन्योन्याश्रित नाता रहेको छ । व्यक्ति-व्यक्ति मिली परिवार, परिवार-परिवार मिली समूह, समूह समूह मिली समुदाय बन्दछ । समुदाय समाजको सानो इकाई हो । समुदाय-समुदायबाट समाज बनेको हुन्छ । शिक्षा र समुदायको निकट सम्बन्ध हुन्छ । शिक्षा बिनाको समुदाय र समुदाय बिनाको शिक्षा कल्पना गर्न नसकिने यथार्थ हो । शिक्षा र समाज एक सिक्काका दुई पाटा हुन् । शिक्षाले समाजलाई परिष्कृत, सुसंगठित र सभ्य बनाउन सहयोग गर्छ भने समाजले शिक्षालाई सर्वाधिक महत्व दिएको हुन्छ । नेपालको विद्यालय शिक्षाको विकास प्रक्रियामा समुदायको महत्वपूर्ण भूमिका रहँदै आएको छ । कार्यक्रमका लागि शिक्षा विभागको नारा २०५८ ले बोलिरहेको छ "आफ्नो विद्यालयको व्यवस्थापनमा सहभागी  बनौं । बालबालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गरौं" (शिक्षा मन्त्रालय, २०५९) । गुरुकूल, पितृकूल, देवकूल र विद्याश्रममा शिक्षा दिने प्राचीन प्रचलनलाई समुदायिक शिक्षा प्रणालीको उपमा मान्न सकिन्छ ।

शैक्षिक व्यवस्थापनको इतिहास हेर्दा शिक्षाको 'इस्तिहार' वि.स. १९९६ जारी भएपछि कानूनी व्यवस्थाबाट केन्द्रीकृत शासन प्रणाली अर्न्तगत २००७ सालसम्म विद्यालय सञ्चालन भए । वि.स. २०२८ सालसम्म विद्यालयहरू जनसहभागिताबाटै चले र केही सरकारी विद्यालय बाहेक त्यति बेला भवन निर्माणदेखि शिक्षक तलबभत्ता समेत

स्थानीय तहबाटै व्यहोरिन्थ्यो । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना र शिक्षा ऐन नियमको व्यवस्थाबाट अर्धकेन्द्रित अवधारणा आयो । फलतः केही प्रतिशत सरकारले र केही प्रतिशत स्थानीय सञ्चालक समितिले व्यहोर्नु पर्ने व्यवस्था भयो (दाहाल, २०६१) ।

यसरी वि.स. २०२८ पूर्वको स्थितिलाई हेर्दा विद्यालयहरू समुदायद्वारा समुदायकै सहयोगमा स्थापना एवं व्यवस्थापन हुँदै आएका थिए । जव राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई राष्ट्रियकरण गऱ्यो तवदेखि समुदाय विद्यालय सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारीबाट अलग हुँदै गयो । वि.स. २०४६ सालको प्रजातन्त्र पुनर्स्थापना भएपछि शिक्षा सरकारको दायित्वभित्र परेको भन्दै जनसहभागिताको अवधारणा क्रमशः घट्न थाल्यो । विद्यालय खोल्ने, सञ्चालन गर्ने, व्यवस्थापन गरिदिने कार्य सरकारको दायित्व हो भन्न थालियो (न्यौपाने, २०६१) ।

वि.स. २०४९ सालमा राष्ट्रिय शिक्षा आयोग २०४९ र संशोधित ऐन नियमावली लागू भई केही अधिकार र जिम्मेवारी पुनः स्थानीय तहमा/समुदायमा विकेन्द्रीकृत गर्ने प्रयास गरियो (ऐजन्) । यसरी २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पछि गठित राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले विद्यालय व्यवस्थापनको सम्बन्धमा जिल्लालाई शिक्षाको प्रमुख कार्यस्थल मानी विकेन्द्रीकरणको व्यवस्था मिलाउनु पर्ने र हरेक जिल्लाका जिल्ला शिक्षा कार्यालय, जिल्ला शिक्षा समिति र स्थानीय विकास समितिलाई नै विद्यालय व्यवस्थापनको दायित्व प्रदान गर्ने कुरामा जोड दियो । त्यस्तै नवौं पञ्चवर्षीय योजनाले पनि स्थानीय शैक्षिक संस्थाको संञ्चालन तथा व्यवस्थापनमा स्थानीय समुदायको संलग्नता बढाउने र ती संस्थाको व्यवस्थापनको दायित्व स्थानीय निकायलाई नै हस्तान्तरण गर्ने अठोट प्रकट गरेको थियो । त्यस्तै नेपाल सरकारले अंगीकार गरेको विकेन्द्रीकरणको अवधारणा वमोजिम नै स्थानीय स्वायत्त शासन ऐन २०५६ ले पनि स्थानीय निकायहरूलाई विद्यालयको व्यवस्थापन, सञ्चालन तथा सुपरिवेक्षण गर्ने अधिकार प्रदान गरेको छ । त्यसै गरी उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को सिफारिश र शिक्षा आयोग २०५८ को सिफारिश समेत कार्यान्वयन गर्दै शिक्षा ऐन २०२८ को सातौं संशोधन २०५८ समेतले विद्यालयको चौतर्फी विकासमा स्थानीय

स्तरको सहभागितामा जोड दिएको पाइन्छ । शिक्षा नियमावली २०५९ ले विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सञ्चालन सम्बन्धी विविध अधिकारहरू प्रदान गर्दै विद्यालय व्यवस्थापनमा स्थानीय समुदायको संलग्नता सुनिश्चित गरेको थियो । विद्यालय सञ्चालनमा स्थानीय समुदायलाई प्रत्यक्ष रूपमा संलग्न गराउने नीतिलाई दशौं योजनाले पनि निरन्तरता दिइएको छ (शिक्षा मन्त्रालय, २०५९) ।

सोही अनुरूप तत्कालीन सरकारले समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन निर्देशिका २०५९ जारी गऱ्यो । यस कार्यक्रमलाई सहयोग गर्न २०६० सालमा सामुदायिक विद्यालय सहयोग कार्यक्रम २०६० जारी भयो । आ.व. २०५९/०६० देखि नै सामुदयिक विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने प्रक्रियाको शुरुवात भयो । सामुदायिक विद्यालय सहयोग कार्यक्रमलाई मूर्त रूप दिन आ.व. २०६०/०६१ देखि श्री ५ को सरकार र विश्व बैंकको संयुक्त सहयोगमा ३ वर्षे सामुदायिक सहयोग कार्यक्रम शुरु भयो (शिक्षा मन्त्रालय, २०६०) । स्थानीय निकाय वा व्यवस्थापन समितिले कुनै सामुदायिक विद्यालयको जिम्मा लिन चाहेमा व्यवस्थापन जिम्मा दिन सकिने गरी शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन २०६३ जारी गरियो । यसरी वि.स. २०६३ सालको शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन २०६३ ले विद्यालयको व्यवस्थापन सामुदायलाई हस्तान्तरण गर्ने नीति ल्याई शैक्षिक विकेन्द्रीकरणको दिशामा एक पाइला अगाडि सारेको पाइन्छ । शिक्षा तेस्रो संसोधन नियमावली २०६२ समेतले शिक्षा नियमावलीमा एक नयाँ परिच्छेद ५ क थप गरी समुदायद्वारा सञ्चालित विद्यालय व्यवस्थापन सम्बन्धी व्यवस्था गरी समुदायलाई शिक्षामा जवाफदेही बनाउन खोजेको पाइन्छ भने हालै संशोधित शिक्षा (छैटौं संशोधन) नियमावली २०६७ ले यस विषयमा थप स्पष्ट बनाएको छ (शिक्षा मन्त्रालय, २०६२) । आ.व. ०६०/०६१ बाट विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने कार्य शुरु भएकोमा हरेक वर्ष यस कार्यक्रमले निरन्तरता पाई २०६८/०६९ मा २५०० विद्यालय समुदायलाई हस्तान्तरण गर्ने सरकारी नीति रहेको छ (अर्थ मन्त्रालय, २०६८/६९) ।

आजको आवश्यकता सबै जनतालाई जीवनोपयोगी शिक्षा दिनु हो । शिक्षामा गुणस्तरीयताका लागि सरोकारवालाको सक्रिय सहभागिता हुनु जरुरी छ । यो वर्तमान

समयको माग, विगतको अनुभव र भविष्यको योजना हो । विद्यालय व्यवस्थापनमा समुदायको भूमिका अझै सुदृढ पार्ने र सो मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले सार्वजानिक विद्यालयहरूको व्यवस्थापन समुदायबाट नै गर्ने गरी जिम्मा दिने नीति सरकारले अघि सारेको छ । शैक्षिक प्रक्रियामा आम नागरिकलाई अधिकतम मात्रामा सम्मिलित हुने अवसर सिर्जना गरी स्थानीय आवश्यकता अनुरूप शैक्षिक कार्यक्रमहरू सञ्चलान गर्न शैक्षिक विकेन्द्रीकरण अत्यावश्यक बन्न गएको छ । शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापनका क्रममा प्राथमिक सरोकारवालाहरूलाई शैक्षिक योजना तर्जुमा, कार्यान्वयन र प्रतिफलको उपयोगसम्मका प्रक्रियामा प्रत्यक्ष रूपमा सहभागी गराई समाजका प्रत्येक सदस्यलाई शैक्षिक लाभको भागिदार बनाउने कार्यमा शैक्षिक विकेन्द्रीकरणको महत्वपूर्ण भूमिका रहन्छ (उपाध्याय, २०६५) ।

विकेन्द्रीकरणका यस्ता अवधारणाहरूलाई मनन गर्दै नेपाल सरकारले सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा जिम्मेवारी दिने शिक्षा ऐन नियम र कार्यक्रमद्वारा नै जाहेर गरिसकेको अवस्थामा विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि आन्तरिक र व्यवस्थापकीय पक्षमा आएको सुधारको बारेमा हालसम्म कुनै ठोस अध्ययन अनुसन्धान नभइरहेको परिप्रेक्ष्यमा सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रमको औचित्य एवं उपादेयता समेतको अध्ययन अनुसन्धान गर्नु समय सान्दर्भिक तथा शैक्षिक गुणस्तर उन्नयनको राष्ट्रिय कार्यक्रमका लागि समेत सहयोगी हुने ठहर गरी प्रस्तुत अनुसन्धान शीर्षक चयन गरिएको छ । सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरेपछि के कस्ता सुधार देखिए ? समुदायको सहभागिता यस्ता विद्यालयहरूमा कस्तो रहेको छ ? के कति हिसाबले समुदायमा हस्तान्तरण भएका विद्यालय हस्तान्तरण नभएका विद्यालयभन्दा फरक छन् ? यसबाट देखिएका राम्रा नराम्रा पक्षहरू के के रहेका छन् ? जस्ता पक्षसँग सम्बन्धित रहेर गरिएको प्रस्तुत अध्ययन अनुसन्धानबाट निस्केको निष्कर्षले सामुदायिक विद्यँलयमा देखिएका कमी कमजोरीहरू सुधार गर्नका लागि उपयोगी बन्न सक्छ भन्ने अपेक्ष गरिएको छ ।

## १.२ समस्याको कथन

हाम्रो देशमा विकेन्द्रीकरणका नाममा नेपाल सरकारद्वारा सामुदायिक विद्यालयहरूको व्यवस्थापन स्थानीय समुदायलाई हस्तान्तरण गर्ने र विद्यालयहरू समुदायद्वारा सञ्चालन हुने क्रम जारी छ । शिक्षामा विकेन्द्रीकरणको अवधारणा भित्रनु आफैंमा स्वागतयोग्य विषय हो । तथापि २५.१६% जनसंख्या अझै पनि गरिबीको रेखामुनि रहेको हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा आवश्यक पूर्व तयारी बिना समुदायमा हस्तान्तरण भएका सामुदायिक विद्यालयहरू कत्तिको प्रभावकारी ढंगले संचालित होलान् ? भन्ने प्रश्न सबैका मनमा उब्जनु स्वभाविकै हो । यसको अलावा विभिन्न कारणहरुले यस कार्यक्रमको औचित्य र प्रभावकारितामा नै प्रश्न चिन्ह खडा भइरहेको छ । सामुदायिक विद्यालयको व्यवस्थापन समुदायले लिने सन्दर्भमा स्थानीय स्तरमा जनचासोको कमी देखिन्छ । समुदायद्वारा विद्यालय सञ्चालन प्रक्रिया र यसको उद्देश्यको बारेमा सञ्चार माध्यमबाट आवश्यक प्रचार प्रसार भएको छैन । सरोकारवालाहरूलाई समुदायद्वारा विद्यालय सञ्चालन प्रक्रियाबारे अनुशिक्षणको व्यवस्था नहुनुको साथै समय समयमा अभिमुखीकरण तालिम समेत सञ्चालन हुन सकेका छैनन् । सामुदायिक विद्यालयहरू राजनैतिक दवाव, प्रभाव र हस्तक्षेपमुक्त शैक्षिक संस्थाको रूपमा आफ्ना शैक्षिक र व्यवस्थापकीय कार्य गर्न स्वतन्त्र र स्वायत्त बन्न सकेका छैनन् । सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा चुस्त कार्यकुशल, सिर्जनशील र विद्यालय सुधारका निम्ति स्पष्ट कार्ययोजना र नवीन दृष्टिकोण भएका इमान्दार व्यक्तिहरूको बदला दलीय राजनीतिको साँघुरो स्वार्थबाट अभिप्रेरित आर्थिक तथा नैतिक रूपमा दुर्नाम, भ्रष्ट मानिसहरूको बाहुल्यता बढ्नाले विद्यालय समुदाय सम्बन्ध प्रगाढ हुन सकेको छैन । नेपाल सरकारद्वारा विद्यालयलाई प्रदान गरिएको अनुदान रकमको सदुपयोग भए नभएको हेर्न उच्च स्तरीय अनुगमनको व्यवस्था हुन सकेको छैन ।

उपर्युक्त विभिन्न कारणहरुले नेपालका सामुदायिक विद्यालयहरुको आर्थिक, भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्ष अस्तव्यस्त र अव्यवस्थित रहेको छ । नेपाल सरकारले सामुदायिक विद्यालयको व्यवस्थापनको जिम्मेवारी लिन समुदायलाई अभिप्रेरित गर्नका लागि सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा तहगत

रुपमा थप एकमुष्ठ अनुदान दिने व्यवस्था गरेको छ । अधिकांशतः सामुदायिक विद्यालयहरुले उक्त अनुदान रकम प्राप्त गर्नका लागि मात्र समुदायद्वारा विद्यालयको व्यवस्थापनको जिम्मेवारी लिने गरेको देखिएकाले समेत यो विषय ठूलो समस्याका रुपमा रहेको छ ।  यस परिवेशमा समुदायद्वारा व्यवस्थापन भएका सामुदायिक विद्यालयको सामुदायिक सहभागितालाई समस्याको रुपमा लिई यसको प्रभावलाई अध्ययन विश्लेषण गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालय समुदायको लागि स्थापना भएको हुन्छ । समुदायको संलग्नता बिना विद्यालयको उचित व्यवस्थापन सम्भव हुँदैन । समुदायले विद्यालय सञ्चालनको जिम्मा लिएपछि विद्यालयको विकासमा समुदायको संग्लनता र सहभागिता बढ्न गई विद्यालयको व्यवस्थापनमा प्रभावकारिता आउने र त्यसको परिणामस्वरूप विद्यालयको शैक्षिक गुणस्तरमा सुधार आउने सरकारको विश्वास रहेको छ । यसै विश्वासका आधारमा नेपाल सरकारले सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्य जारी राखेको र त्यस्ता विद्यालयहरू समुदायद्वारा सञ्चालित भइरहेका छन् । यसरी व्यवस्थापनको जिम्मेवारी समुदायलाई हस्तान्तरण गरिएका विद्यालयहरुको आर्थिक, शैक्षिक र भौतिक अवस्थामा के कस्तो सुधार आएको छ र यस कार्यक्रमलाई अझ प्रभावकारी र परिणाममुखी बनाउन के गर्नु पर्दछ भन्ने तर्फ हालसम्म कुनै सोच वा धारणा अगाडि नआइरहेको परिवेशमा समुदायद्वारा व्यवस्थापनको जिम्मा लिएका सामुदायिक विद्यालयहरुको वास्तविक अवस्थाको पहिचान गरी तिनीहरुका सकारात्मक र नकारात्मक पक्षहरु उजागर गर्न र आवश्यक सुधार एवं परिवर्तनका लागि उपयुक्त सुझावहरु प्रस्तुत गर्नका लागि यस शीर्षकमा शोध अध्ययन गरिएको हो ।

यस अर्थमा समुदायबाट विद्यालय सधैं संरक्षित रहनु पर्दछ भन्ने परिकल्पनाका साथ यो अध्ययन गरिएको हो । शिक्षामा विकेन्द्रीकरण गरी विद्यालय र समुदायको सशक्तिकरणबाट नै विद्यालय शिक्षामा सुधार हुन्छ र गरिनु पर्दछ भन्ने सोच व्यापक रूपमा अगाडि आइरहेको छ । यस सन्दर्भमा यस अध्ययनले निश्चय नै सरोकारवाला सम्पूर्ण पक्षहरूलाई उक्त विषयमा प्रष्ट हुन र देखा परेका कमीकमजोरीहरू सुधार्न

आ-आफ्नो ठाँउबाट पहल गर्न उत्प्रेरित गर्ने अपेक्षा गरिएको छ । यसका साथै यस अध्ययनले समुदायको सहयोगबाट विद्यालयको विकासमा पर्ने प्रभावको जाँच गर्न, समुदायले आफ्नो काँधमा भएको जिम्मेवारीलाई सक्रियता र कुशलताका साथ पूरा गर्न सक्ने नसक्ने यथार्थता पत्ता लगाउन, विद्यालय र समुदायको सम्बन्धको महत्व जाँच गर्न, सरकारी जिम्मेवारी र सामुदायिक जिम्मेवारीबाट विद्यालय सञ्चालन गर्दा पर्ने प्रभावबीच अन्तर थाहा पाउन र समुदायद्वारा विद्यालय सञ्चालन गर्दा पर्ने नकारात्मक प्रभावलाई निराकरण गर्न उपयोगी सिद्ध हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्न उद्देश्यहरू छनोट गरिएको छ :

१. समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक विद्यालयमा समुदायको सहभागिता कार्यान्वयनको अवस्था पहिचान गर्नु,

२. समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक विद्यालयमा समुदायको सहभागितामा प्रभाव पार्ने तत्वहरु खोजी गर्नु,

३. समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक विद्यालयको व्यवस्थापनमा देखा पर्ने समस्याहरु पत्ता लगाउनु,

४. समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक विद्यालयको व्यव्स्थापनमा देखा परेका समस्या समाधानका सुझावहरु प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययन अनुसन्धानमा निम्न अनुसन्धानात्मक प्रश्नहरुलाई आधारको रूपमा लिइएको छ :

१. के विद्यालयमा व्यवस्थापन समितिको गठन नियमित रुपमा हुन्छ ?

२. के विद्यालयमा शिक्षक अभिभावक संघ गठन हुने गरेको छ ?

३. के विद्यालयको सञ्चालनमा समुदायको भूमिका सशक्त छ ?

४. के विद्यालयको भौतिक व्यवस्थापनमा समुदायको सहभागिता रहने गरेको छ ?

५. के विद्यालयको शैक्षिक व्यवस्थापनमा समुदायको सहभागिता रहने गरेको छ ?

६. के विद्यालयको आर्थिक व्यवस्थापनमा समुदायको सहभागिता रहने गरेको छ ?

७. के समुदायको सहभागिताले विद्यार्थी भर्नादरमा कुनै सुधार ल्याएको छ ?

८. के समुदायको सहभागिताले कक्षा छाड्ने दरमा कमी ल्याएको छ ?

९. के समुदायको सहभागिताले शैक्षिक गुणस्तरमा सुधार ल्याएको छ ?

१०. विद्यालयको व्यवस्थापकीय क्षेत्रमा प्रभावकारिता कसतो छ ?

११. विद्यालयमा समुदायको सहभागितामा कुनै समस्या रहेका छन् ?

१२. सामुदायिक विद्यालयमा समुदायको सहभागितालाई सशक्त र प्रभावकारी बनाउन के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

अध्ययनको क्रममा सम्पूर्ण क्षेत्रमा अध्ययन गर्न आवश्यक स्रोत, साधन र समयको अभाव रहेकाले अध्ययनको जटिलतालाई मध्यनजर राखी निश्चित सीमाभित्र रहेर अध्ययन कार्य सञ्चालन गरिएको छ । यस अध्ययनलाई झापा जिल्लाको अनारमनी स्रोतकेन्द्र अन्तरगत सञ्चालित समुदायद्वारा व्यवस्थापन जिम्मा लिइएका ३ वटा सामुदायिक विद्यालयहरू - श्री देवी उच्च माध्यमिक विद्यालय अनारमनी, श्री सरस्वती माध्यमिक विद्यालय अनारमनी र श्री विराट निम्न माध्यमिक विद्यालय गरामनीमा सीमित गरिएको छ । छनोट गरिएका विद्यालयहरुको प्राथमिक तहको मात्र अध्ययनमा प्रस्तुत शोधलाई सीमित गरी छनोटमा परेका विद्यालयहरुका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षक अभिभावक संघका अध्यक्षहरु, शिक्षकहरु, सम्बन्धित अनारमनी स्रोतकेन्द्रका स्रोतव्यक्ति तथा अनारमनी क्षेत्र हेर्ने जिल्ला शिक्षा कार्यालय झापाका विद्यालय निरीक्षक समेतलाई अध्ययनको नमुना जनसंख्याको रुपमा लिई अध्ययन कार्य अगाडि बढाइएको छ । छनोट गरिएका विद्यालयहरुका सम्पूर्ण पक्षहरुको अध्ययन सम्भव नहुने भएकोले प्रस्तुत अध्ययनलाई विद्यालयको व्यवस्थापनमा समुदायको सहभागिताको अवस्थामा सीमित गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन रसैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्यको पुनरावलोकनले अनुसन्धानको समस्यालाई स्पष्ट पार्न सम्बन्धित विषयमा अध्ययनकर्ताको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न तथा अध्ययनको विषयको क्षेत्रलाई सीमित गर्न समेत सहयोग पुऱ्याउने भएकाले यस अध्ययनका क्रममा विभिन्न सम्बन्धित साहित्यहरूको अध्ययन गरिएको छ जसलाई संक्षिप्त रूपमा निम्न अनुसार उल्लेख गरिएको छ ।

शिक्षा विभाग (२०६०) **का**अनुसार सामुदायद्धारा व्यवस्थापन हुने विद्यालय सहयोग कार्यक्रम २०६० अन्तरगत शैक्षिक वर्ष २०५९/०६० मा ८००० वटा सार्वजनिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रमलाई सहयोग गर्न नेपाल सरकार र विश्व बैंकको संयुक्त सहयोगमा ३ वर्षे सामुदायिक विद्यालय सहयोग कार्यक्रम आ.व. २०६०/०६१ देखि कार्यक्रम शुरु हुनेछ भनिएको छ । उक्त कार्यक्रममा १५०० वटा विद्यालयलाई प्रोत्साहन अनुदान, मापदण्डका आधारमा छानिएका २५० वटा विद्यालयलाई उपलब्धि अनुदान दिइने नीतिगत व्यवस्था छ ।

सामुदायिक विद्यालय सहयोग कार्यक्रमले सामुदायिक विद्यालयहरुलाई व्यवस्थापन जिम्मा लिई समुदाय नै सकृय भई विद्यालय सञ्चालन गर्न प्रोत्साहनात्मक रुपमा सरकारी नीतिको बारेमा जानकारी प्रदान गरेको छ । प्रस्तुत शोधमा सरकारको योजना र नीतिगत व्यवस्थाको कार्यान्वयन पक्षमा के कस्तो उपलब्धि हासिल भएको छ भनी निर्क्यौल गरिएको छ ।

सेरिड (२०६०) काअनुसार विकेन्द्रीकरण प्रक्रिया लागू गर्ने सम्बन्धमा व्यवस्थापन हस्तान्तरण एउटा महत्वपूर्ण रणनीति भए तापनि विद्यालयका व्यवस्थापन समितिका सदस्यहरू, विद्यालयका प्रधानाध्यापक, शिक्षक लगायत जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरूलाई कुनै किसिमको अनुशिक्षणको व्यवस्था नहुनु, यसका गुण र

दोषबारे जानकारी पनि नगराउनु, प्रधानाध्यापकको नियुक्ति, शिक्षक कोटा निर्धारण, शिक्षक मूल्याङ्कन, अनुदान उपयोग जस्ता विषयहरूमा उनीहरूलाई अझै भ्रम हुनु, हस्तान्तरणका लागि स्वीकृति प्रदान गर्नु अघि कुनै अध्ययन वा मूल्याङ्कनको कार्य नहुनु, व्यवस्थापन हस्तान्तरणको सम्बन्धमा आवश्यक पूर्व तयारी नगरी हतारमा निर्णय गरिनु, व्यवस्थापन हस्तान्तरणको व्यवस्था सबै तहका विद्यालयहरूका लागि खुल्ला गरिएता पनि बढी मात्रामा प्राथमिक विद्यालयहरूका व्यवस्थापन हस्तान्तरण हुनु, केही माध्यमिक विद्यालयहरूले आवेदन दिए तापनि तिनले प्राथमिक तहको व्यवस्थापन मात्र हस्तान्तरण गर्ने इच्छा प्रकट गर्नु र केही विद्यालयहरू सम्झौता गर्न नआउनु, व्यवस्थापन हस्तान्तरणको सम्बन्धमा सम्पूर्ण जिम्मेवारी व्यवस्थापन समितिको रहनु, व्यवस्थापन हस्तान्तरण सम्बन्धी सम्पूर्ण प्रक्रियामा स्थानीय निकाय उदासीन रहनु, सामुदायिक विद्यालय सञ्चालनका लागि ती विद्यालयका व्यवस्थापन समितिहरू प्रमुख सरोकारवाला भएता पनि ती समितिहरूले संगठित संस्थाको रूपमा विद्यालय सञ्चालन गर्ने वैचारिक र अन्य क्षमता प्रदर्शन गर्न नसक्नु, व्यवस्थापन हस्तान्तरण पछि सञ्चालक समितिले विद्यालय सञ्चालनका लागि कुनै योजना, कार्यक्रम, नियम, विनियम र आचारसंहिता तयार नगर्नु, प्रधानाध्यापक र शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्न तथा विद्यालयको गतिविधि अनुगमन गर्न व्यवस्थापन समितिहरू प्रशिक्षित नहुनु र सामर्थ्य पनि नदेखाउनु जस्ता समस्याहरु रहेको उल्लेख छ ।

त्यसरी नै व्यवस्थापन हस्तान्तरणबाट सामुदायिक विद्यालयहरू स्वावलम्बी नबन्नु, आफ्नो नियमित र विकास कार्यक्रम सञ्चालनका लागि ती विद्यालयहरू सरकारी अनुदानमै आश्रित भई आफैंले स्रोत जुटाउन र परिचालन गर्न नसक्नु, सामुदायिक विद्यालयमा अनुगमनले खासै महत्व नपाउनु, सरोकारवालाहरू अनुगमन कार्यमा अनुशिक्षित प्राशिक्षित नहुनु र स्रोतव्यक्तिबाट पनि सुपरिवेक्षण सीमित मात्रामा मात्रै भएको पाइनु, स्थानीय अनुगमन कार्यले आकार लिई नसक्नु जस्ता कारणले विद्यालयमा समुदायको सहभागिताको प्रभाव कमजोर रहेको समेत निष्कर्ष निकालिएको छ ।

प्रस्तुत अध्ययनबाट विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि देखा परेका समस्याहरु उजागर भएका छन् । प्रस्तुत शोधमा विद्यालयमा समुदायको

सहभागितामा देखा परेका समस्याहरुको साथै समाधानका उपायहरुको खोजी समेत गरिएको छ ।

न्यौपाने (२०६१) काअनुसार शैक्षिक विकेन्द्रीकरणमा स्थानीय स्तरको शिक्षा सम्बन्धी समग्र अधिकार र जिम्मेवारी स्थानीय निकाय वा समुदायमा निक्षेपण हुने व्यवस्था मिलाइने र शैक्षिक विकेन्द्रीकरण शैक्षिक संस्थामा सेवाग्राहीको पहुँच वृद्धि गर्न, नीति निर्माणको प्रक्रियामा सेवाग्राहीको सहभागिता वृद्धि गर्न, सेवा प्रदायकहरूलाई सेवाग्राहीप्रति उत्तरदायी बनाउन, विद्यालय नगएका लक्षित दलित, जनजाति, अपाङ्गसम्म शैक्षिक सेवा पु¥याउन, निर्णय प्रक्रिया र कार्यान्वयनमा पारदर्शिता ल्याई भ्रष्टाचार कम गर्न, समुदायमा आधारित अनुगमन प्रणाली लागू गर्न, स्थानीय स्रोत साधनको बुद्धिमत्तापूर्ण उपयोगिताबाट न्यूनतम लागतमा अधिकतम लाभ लिन, गुणस्तरीय शैक्षिक प्रतिफल प्राप्त गरी सुशासनको अनुभूति गर्न महत्वपूर्ण हुने कुरा उल्लेख गरिएको छ ।

प्रस्तुत लेखमा शैक्षिक विकेन्द्रीकरणको आवश्यकता पक्षमा मात्र विश्लेषण भएको छ । प्रस्तुत शोधमा शैक्षिक विकेन्द्रीकरण अन्तरगत समुदायको सहभागिताको वर्तमान अवस्था, यसका समस्या र समाधानका उपाय समेतको अध्ययन गरिएको छ ।

दाहाल (२०६१) काअनुसार समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण शैक्षिक विकेन्द्रीकरणको उत्तम अभ्यास हो । विकेन्द्रीकरण र विकास एकै सिक्काका दुई पाटा हुन । विकेन्द्रीकरण भनेको अधिकारको निक्षेपण र अधिकार प्रत्यायोजन गरी शिक्षामा सरोकारवालाहरूलाई जवाफदेही र उत्तरदायी बनाउने कार्य नै हो । तसर्थ विकेन्द्रीकरणको प्रक्रियालाई विद्वान शिक्षकले असहमति जनाउनु असान्दर्भिक हुनेछ । शिक्षकहरूको असहमति देखिने २ वटा बुँदाहरूमा राज्यले आफ्नो दायित्वबाट आफू अलग हुन खोज्नु, शिक्षामा राजनीतिकरण भई शिक्षकले दु:ख पाउने र पठनपाठनमा बाधा पुगी गुणस्तरमा कमी आउन सक्ने आशंका हुनु हो । समुदायमा विद्यालय हस्तान्तरण गर्ने कार्य विकेन्द्रीकरणको साथै समुदाय सबलीकरणको प्रकृया समेत भएकाले यसबाट विद्यालयका विविध पक्षमा समुदायको सहभागिता वृद्धि हुने निष्कर्ष निकालिएको छ ।

प्रस्तुत लेखमा शैक्षिक विकेन्द्रीकरणको सैद्धान्तिक पक्षमा मात्र चर्चा भएको छ। प्रस्तावित शोधमा उक्त लेखमा उल्लिखित सैद्धान्तिक पक्षको प्रयोगात्मक अवस्थाबारे समेत अध्ययन गरिएको छ।

सिन्हा (२०६२) काअनुसार मानव अधिकार, बाल अधिकार, महिला अधिकार वा शैक्षिक अधिकार तथा सबैका लागि शिक्षा जस्ता अन्तर्राष्ट्रिय घोषणा र प्रतिवद्धताहरूले गर्दा शिक्षाप्रति बढ्दो जनआकांक्षा तथा जनचाहना परिपूर्ति गर्न राज्यस्तरबाट मात्र सम्भव नहुने हुँदा शिक्षालाई गाउँ/नगरसम्म पुऱ्याउन विकेन्द्रित शैक्षिक योजना र व्यवस्थापनको टड्कारो आवश्यकता आज विश्वभरि नै देखिएको छ। संस्थागत सुधार, विद्यालयलाई जनताको नजिक ल्याउन, अपेक्षित उद्देश्यहरूलाई सुनिश्चित गर्न विकेन्द्रीकरण आवश्यक छ। यसको लागि तल्लो निकायको स्वरूप निर्धारण विधि, स्थानीय शासन सशक्तिकरण विधि, समुदाय वित्तीय विधि, मागमा आधारित वित्तीय विधि, क्षेत्रमा आधारित व्यवस्थापन पाठ्यक्रम सुधार विधि र दुई ध्रुवीय विधिबाट शासन गर्नु पर्दछ। केन्द्रीय स्तरको निर्णयले स्थानीय आवश्यकता र चाहनालाई समेट्न सक्दैन। प्रत्येक समुदायको आफ्नै भौगोलिक किसिमको अवस्थिति, सामाजिक संरचना, आर्थिक बनोट, शैक्षिक, स्थिति र विशेषता हुन्छन्। सोही विशेषता अनुरुप नै शैक्षिक आवश्यकता र कार्यक्रममा विविधता ल्याई शासन गर्नु पर्दछ। शैक्षिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी यावत प्रक्रियामा सरोकारवालाहरूको पूर्ण सहभागिता र जवाफदेहिताको प्रारूप राज्यले सुनिश्चित गरिदिनु पर्छ।

शसस्त्र द्वन्द्वमा परेका बालबालिकाको सुरक्षाका निम्ति सहकार्य (२००७) काअनुसार केही अभिभावकहरू समुदायद्वारा सञ्चालित विद्यालयले सर्वोपरी हित गर्ने कुराप्रति सहमत भएका छन् भने अर्का थरी अभिभावकहरूले जे जस्तो नीति नियम भए पनि त्यसको दिगो कार्यान्वयनप्रति जोड दिएका र तेस्रो समुदायका अभिभावकहरूको आधारमा यो रोगीलाई अस्पताल दिने काम हो भन्ने उल्लेख गरेका छन्। अधिकांश वि.व्य.स.का सदस्य लगायत अभिभावकहरू अशिक्षित रहेको अवस्थामा कसरी उनीहरूले आफ्नो विद्यालयको सर्वोपरी हित हुने गरी सञ्चालन गर्न सक्छन् भन्ने सवाल अभिभावकले उठान गरेको उक्त अध्ययनले देखाएको छ।

यस अध्ययनले समुदायमा व्यवस्थापन हस्तान्तरण अगाडि भन्दा व्यवस्थापन हस्तान्तरण पछाडि विद्यार्थीको सिकाइ उपलब्धि बढी देखाएर यस कार्यक्रमको सफलताको संकेत देखाएको छ । यस अध्ययनको निष्कर्षको रूपमा समुदायमा हस्तान्तरण भएका विद्यालयहरूमा शिक्षकको उपस्थिति उच्च रहको, सिकाइ उपलब्धि उच्च रहेको, आर्थिक र प्राविधिक सहयोग उच्च रहेको र विद्यालय खुल्ने दिन भने अन्य विद्यालयको तुलनामा कम रहको देखाइएको छ तर कारण भने उल्लेख गरिएको छैन ।

उपाध्याय (२००८) काअनुसार शैक्षिक प्रशासनमा विकेन्द्रीकरण हुँदा शैक्षिक योजना निर्माण, कार्यान्वयन, उपभोग तथा निर्णायक अधिकार स्थानीय स्तरमा प्रायोजित भएको हुन्छ । विकेन्द्रीकरणमा स्थानीय साधन स्रोत स्थानीय स्तरमै प्रयोग गरिन्छ । शैक्षिक विकेन्द्रीकरण स्थानीय समुदायको आवश्यकता पूरा गर्नेतर्फ लक्षित हुन्छ । शैक्षिक विकेन्द्रीकरणमा विद्यालय स्थानीय समुदायलाई हस्तान्तरण गरी आर्थिक न्यायिक र कार्यान्वयन अधिकार एवम् स्थानीय स्वायत्तता प्रदान गरिएको हुन्छ । शैक्षिक विकेन्द्रीकरणले निर्णय प्रकियामा प्रभावकारिता, सुनिश्चितता, स्थानीय समस्यालाई सम्बोधन, स्थानीय स्रोत साधनको अधिकतम परिचालन, समानुपातिक एवम् न्यायोचित वितरण, सशक्तिकरण, सुशासन, नागरिक समाजको संस्थागत विकास, दिगो, जनमुखी विकासको आधारशीला, समावेशीकरण जस्ता सकारात्मक प्रक्रियामा सहयोग पुर्‍याउँछ ।

ज्ञवाली (२०६७) काअनुसार आज सार्वजनिक विद्यालयहरू जागीरदारहरूका लागि आर्कषक स्थान बनिरहेका छन् भने विद्यार्थीका लागि दिक्क र अल्छीलाग्दो ठाँउ बनेका छन् । यसको मूल कारण समुदायको उदासीनता हो । उनीहरूमा अपनत्व बोधको अभाव हो । विद्यालय हाम्रो हो भन्ने आधार शिक्षा ऐनले दिन सक्नु पर्दछ । त्यस्तो आधार भनेको विद्यालयहरूको सामुदायिकीकरण नै हो ।

प्रस्तुत लेखमा सामुदायिकीकरणको आवश्यकता बारेमामात्र उल्लेख भएको छ । यसका समस्या र समाधानका उपाय समेतका बारेमा लेख मौन रहेकाले प्रस्तुत शोधमा उक्त पक्षहरुमा समेत विशेष जोड दिइएको छ ।

भट्ट (२०६१) काअनुसार सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रमले विकेन्द्रीकरणको भावना र स्थानीय स्वयत्त शासन ऐनलाई आत्मसात गरेको र समुदायका व्यक्तिहरूमा विद्यालयप्रति अपनत्वको भावना बढाएको सकारात्मक पक्षहरु प्रष्ट्याएको छ । तर आवश्यक तयारी बिना कार्यक्रम लागू गरिएको तथा प्रचार प्रसारको कमी भएको, अभिभावकहरूमा राम्रो चेतनाको अभाव रहेकाले अधिकार र कर्तव्यको बोध हुन नसकी सरोकारवालाहरूसँग अनावश्यक बेमेलको स्थिति सिर्जना भएको, सरकारले दिने अनुदानको वितरणमा वैज्ञानिकताको अभाव रहेको, शिक्षकहरूमा यस कार्यक्रमप्रति सकारात्मक भावनाको कमी रहेको, शिक्षकहरूले आफ्नो सेवा र सुविधाको कमी हुन सक्ने भयले कार्यक्रमलाई नकारात्मक रूपमा व्याख्या गरेको, विद्यालयको व्यवस्थापन हस्तान्तरण प्रक्रियामा अनावश्यक झञ्झट र बोझिलोपना विद्यमान रहेको, हाल भएका नीति नियमले हस्तान्तरण सम्बन्धी सम्पूर्ण कुरालाई समेट्न नसकेको, पछि विद्यालयको अवस्था के हुने भन्ने सम्बन्धमा समुदायका व्यक्तिहरूमा अन्योलता रहेको, कार्यक्रमलाई सबै राम्रो र प्रभावकारी ठाने तापनि यसको प्राविधिक पक्षमा भने अपर्याप्तता रहेको, समुदायमा नगएका विद्यालयहरूले हस्तान्तरण कार्यक्रमको उद्देश्य र फाइदाका बारेमा जानकारी नपाएका तथा सरकारको अनिश्चितताको कारणले गर्दा पछि विद्यालय अन्यौलमा पर्ने शंका सहित व्यवस्थापन जिम्मा लिइएको, शिक्षकले आफ्नो सेवा सुरक्षाको अनिश्चितताको कारणले समाजमा व्यवस्थापन हस्तान्तरण प्रक्रियाको बारेमा सकरात्मक सन्देश नलगेको जस्ता समस्याहरु विद्यामान रहेको निर्ष्कष निकालेको छ ।

भट्टराई (२०६५)  काअनुसार समुदायमा हस्तान्तरित विद्यालयमा खानेपानी, कक्षाकोठा र खेलमैदानको समस्या रहेको, आम्दानीको मुख्य स्रोत सरकारी अनुदान रहेको पाइयो भने अधिकांश रकम तलब भत्ता र प्रशासनिक कार्यमा खर्च हुने गरेको पाइयो । स्रोत विकासका चुनौतीहरूमा विद्यार्थी शुल्क उठाउन कठीनाइ, कमजोर आर्थिक अवस्था, दीगो आर्थिक स्रोतको अभाव, स्थानीय निकाय र संस्थाको सहयोगमा निरन्तरता नहुनु आदि रहेका छन् । सोहि अध्ययनमा विद्यालयमा आयवृद्धि कार्यक्रम सञ्चालन गर्ने,

जनचेतना कार्यक्रम सञ्चालन गर्ने तथा नीतिगत र कानुनी सुधार गर्नुपर्ने सुझाव समेटिएका छन् ।

अधिकारी (२००९) काअनुसार अभिभावक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु र विद्यालय प्रशासकहरूमा स्रोत व्यवस्थापन सम्बन्धी ज्ञानको कमी रहेको र त्यसले गर्दा शैक्षिक उपलब्धिमा  सफलता प्राप्त गर्न नसकेको औल्याएका छन । यसैगरी विद्यालय-समुदाय सम्बन्ध सुमधुर बनाउनुपर्ने, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई स्रोत व्यस्थापनको तालिम प्रदान गर्नुपर्ने तथा शिक्षकहरुलाई कक्षाकोठाको प्रभावकारी व्यवस्थापन सम्बन्धी तालिम दिनुपर्ने सुझाव दिएका छन् ।

प्रस्तुत प्रतिवेदनले समस्याहरु उजागर गरे तापनि समाधानका उपायहरु बारेमा मौन रहेकाले समस्या समाधानका उपायहरु बारेमा केन्द्रित भई प्रस्तुत शोधकार्य पूरा गरिएको छ ।

## २.२ सैद्धान्तिक खाका

एफ. डब्ल्यु. टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (१९११) मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती ढङ्गले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढङ्गले जान्ने कलाको रुपमा आएको हो । कामदारहरुको कार्यदक्षता वृद्धि गर्दै उत्पादन बढाउने तत्कालीन समयको चुनौतिलाई सामना गर्न यस सिद्धान्तको प्रतिपादन भएको थियो । टेलरको सिद्धान्तका मूलभूत तत्त्वहरुमा अवलोकन, मूल्याङ्कन, परीक्षण र निचोडलाई समावेश गरिएको छ ।

वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार प्रत्येक कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्ने, कामदारलाई आफैंले काम छान्ने परम्परा छुटाएर वैज्ञानिक ढंगले कामदार छनोट गर्ने र छानिएका कामदारलाई तालिम दिने तथा दक्षतापूर्वक काम सिकाउनु पर्ने, वैज्ञानिक ढंगबाट काम हुने गरी व्यवस्थापक र कामदारबीच आत्मीय सहयोग, सम्बन्ध र सामञ्जस्यता स्थापित गरिनु पर्ने, कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हासिल गर्ने ढंगले परिचालन गरिनु पर्ने, वैज्ञानिक ढाँचाले ज्याला निर्धारण गरिनुपर्ने, बढी काम गर्नेलाई बढी ज्याला दिनु पर्ने, कामदार र

व्यवस्थापकबीच स्पष्ट कार्य विभाजन गरिनु पर्ने, कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी त्याग्नु पर्ने कुराहरु व्यवस्थापकीय पक्षहरु हुन् (कोइराला र श्रेष्ठ, २०६३ बाट उद्धृत) ।

यसलाई शिक्षा क्षेत्रमा उपयोग गर्दै शैक्षिक व्यवस्थापनको परम्परागत रूपमा चल्दै आएको रुढीवादी धारणालाई अनुसन्धान तथा विश्लेषणद्वारा निर्मित सिद्धान्तका आधारमा अघि बढाउनु पर्दछ भने अनुसन्धानात्मक कार्यहरूको प्रयोगको सुरुवात भएको, शैक्षिक योजना निर्माण गरी योजना अनुसारका मानवीय, भौतिक स्रोत र साधनहरूको परिचालन गरी शिक्षाका उद्देश्य पूरा गर्ने गराउने कार्यको थालनी भएको, प्रत्येक शिक्षक कर्मचारीका कामहरूको विश्लेषण गर्ने र यस्तो कार्य विश्लेषणको विस्तृत रूप पाठ्यक्रम निर्माणका समयमा निश्चित गरी पाठ्यक्रममा समावेश गरिन थालिएको, शिक्षकहरूको शिक्षण दक्षता र कार्यदक्षताको अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिएको, विद्यार्थीका उपलब्धिहरूको मापनको लागि मूल्याङ्कनका विविध प्रविधि र प्रक्रियाको विकास गरिएको, शिक्षा प्रशासनमा रेखा कर्मचारी पद्धतिको संगठनात्मक प्रक्रियाको थालनी भएको, शैक्षिक प्रशासनमा विद्यालय शिक्षकको सहयोगार्थ शिक्षकको दक्षता विकास र शिक्षणको प्रभावकारिताका लागि सुपरिवेक्षण व्यवस्थाको थालनी भएको छ (शर्मा, २०५६ बाट उद्धृत ) ।

प्रस्तुत अध्ययनमा टेलरको सिद्धान्तलाई आधारको रुपमा लिई समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक विद्यालयको व्यवस्थापनमा सरोकारवालाहरुको सहभागिता तथा भूमिकाको अध्ययन विश्लेषण गरिएको छ ।

मायो (१८८०-१९४९) को मानव सम्बन्ध सिद्धान्त अनुसार संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेर्न नहुने, समूह सञ्चालन, नेतृत्व, उत्प्रेरणा, सहभागिता सञ्चार र व्यक्तित्व जस्ता व्यवहारले व्यवस्थापकलाई दिशाबोध गर्ने, कुनै पनि संगठनमा काम गर्नेका बीच राम्रो मानव सम्बन्ध भएमा कार्य सम्पादन राम्रो, चाँडो र स्तरीय हुने, राम्रो मानव सम्बन्ध कायम गर्नका लागि कर्मचारीका कमी कमजोरी पत्ता लगाई समन्वय र प्रेरणा प्रदान गरिनुपर्ने, योग्यता अनुसार नेतृत्व विकास गराउनु पर्ने, सांगठनिक क्रियाकलापमा सबैलाई सहभागी गराउनु पर्ने, कर्मचारीका दक्षता बढाउन आवश्यक

पहल गर्नुपर्ने, दोहोरो र वास्ताविक सञ्चार प्रणाली स्थापना गर्नुपर्ने, मानिसलाई दया, माया, ममता स्नेह, सम्मान र सत्कार आवश्यक हुने, कार्यदक्षता बढाउन सामाजिक दक्षता बढाउनु पर्ने, समूहकार्य कार्यदक्षताको आधार तय गर्नुपर्दछ (कोइराला र श्रेष्ठ, २०६३ बाट उद्धृत) ।

प्रस्तुत अध्ययनमा मायोको सिद्धान्तलाई विद्यालय व्यवस्थापनका सरोकारवालाहरुमा जिम्मेवारीको बाँडफाँड तथा उत्प्रेरणाको अवस्थाको अध्ययन विश्लेषणमा आधारको रुपमा लिइएको छ ।

फोलेट (१८६८-१९३३) को मानव सम्बन्ध सिद्धान्त अनुसार उत्पादन बढाउन व्यक्तिहरूमा भावना र चाहना बुझेर कामदार र प्रशासक बीचको मानवीय सम्बन्ध विकास गर्नुपर्ने, मानवीय नाताको स्थापना गरी मनोवैज्ञानिक ढाँचाबाट विभिन्न मनमुटाव, झगडा, कलुषित भावना आदिको समाप्ति गर्नुपर्ने, जति धेरै राम्रोसँग समन्वय स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम भई काममा स्तरीयता एवं प्रभावकारिता हासिल हुने, सामूहिक भावनाबाटै अत्याधिक सफलता हासिल हुने, सीधा सर्म्पक मानव सम्बन्धको विकास गर्नुपर्ने, नजानेका नबुझेका र शंका लागेका, अस्पष्ट भएका कुरामा तेस्रो संचार प्रक्रिया अपनाउनु पर्ने, संस्थामा योजना, नीतिनिर्माण र संगठन निर्माणसँगै समन्वयको कार्य निरन्तर रूपमा गर्नुपर्ने, सबै साधन र स्रोतलाई सामूहिक उद्देश्य प्राप्तिका लागि एकीकृत गरी उत्पादन बढाउनु पर्ने, संस्थामा साधन, स्रोत, प्रक्रिया र वातावरण बीच पारस्परिक, सुमधुर र स्पष्ट सम्बन्ध कायम राख्न समन्वयात्मक कार्य अविच्छिन्न रूपमा गर्नुपर्ने अनिवार्यता हो । साथै उद्देश्यलाई स्पष्ट रूपमा परिभाषित गर्नुपर्ने, नीति नियम विनियम, निर्देशिका परिमार्जन र स्पष्टता गर्नुपर्ने, सञ्चार र सूचना सम्बन्धी कार्य प्रभावकारी र दोहोरो बनाउनुपर्ने, निरीक्षण तथा सुपरिवेक्षण कार्य व्यवस्थित गर्नुपर्ने, अख्तियार र उत्तरदायित्व स्पष्ट पार्नुपर्ने, प्रशासन संयन्त्र चुस्त र दुरुस्त बनाउनु पर्ने, कामदारलाई कार्यप्रति उत्पेरित गर्नुपर्ने, एकीकृत विचार र धारणा स्थापित गर्नुपर्ने, बहिर्मुखी नेतृत्वको विकास गर्नुपर्ने, सामूहिक शक्ति सिर्जना गर्न प्रेरित गर्नुपर्ने कुरा समेत अति आवश्यक छन् (कोइराला र श्रेष्ठ, २०६३ बाट उद्धृत) ।

मानव सम्बन्ध सिद्धान्तको प्रयोगबाट नै शिक्षा व्यवस्थामा प्रजातान्त्रिक संकार भित्रन गएको, पाठ्यक्रम निर्माणदेखि शिक्षाका सम्पूर्ण क्रियाकलापमा शिक्षकको सहभागितालाई प्रयोगमा ल्याउने प्रयास भएको, शिक्षा प्रशासनलाई प्रजातान्त्रिक गर्न थालिएको, व्यवस्थापक र शिक्षक बीचको सम्बन्धलाई सुमधुर बनाउनु पर्दछ भन्ने सोचको विकास भएको, शिक्षा विकासमा सामाजिक संघ, राज्य र अन्य निकाय सबैको सामूहिक जिम्मेवारीको धारणाको विकास हुन गएको, नेतृत्वको तानाशाही प्रवृत्ति हटाई प्रजातान्त्रिक ढंग अनुरूप काम गर्नुपर्ने, बालकको शिक्षण सिकाइ प्रजातान्त्रिक धारणा अनुरूप हुनु पर्दछ भन्ने धारणाको विकास भएको, विद्यालयको विकासमा सबैको सहभागिता हुनु पर्दछ भन्न थालिएको छ (ढकाल,२०५६) ।

प्रस्तुत अध्ययनमा फोलेटको सिद्धान्तलाई विद्यालय व्यवस्थापनका सरोकारवालाहरु बीच आपसी समझदारी तथा समन्वयको अवस्थाको अध्ययन विश्लेषणमा आधारको रुपमा लिइएको छ ।

## २.३. पुनरावलोकनको उपादेयता

यस अध्ययनका लागि प्रयोग भएका वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानव सम्बन्ध सिद्धान्तले फरक फरक धारणा प्रस्तुत गरे तापनि अन्ततोगत्वा संगठनको उत्पादन वृद्धि गरेर संगठनलाई बलियो पार्न विशेष जोड दिएका छन् । वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले उत्पादकत्व र कार्यकुशलतालाई बढाउने, समय, थकान, गतिको अध्ययन, पारिश्रमिकको वैज्ञानिक निर्धारण, दक्ष जनशक्तिको नियुक्ति, कामको विभाजन, कार्यशैलीमा परिवर्तन, एक आपसमा आत्मीय सहयोग सम्बन्ध र सामाञ्जस्यता, कामदारको छनोट गर्ने कार्यको वैज्ञानिकीकरण जस्ता पक्षमा जोड दिएको छ । मानव सम्बन्ध सिद्धान्तले संगठनमा कार्य गर्ने व्यवस्थापक र कामदार बीच राम्रो मानव सम्बन्ध, मानवीय व्यवहार, प्रजातान्त्रिक र सहभागितामूलक सिद्धान्त, सामूहिक भावना, मनमुटाव, झगडा र कलुषित भावनाको अन्त्य, कार्यमा स्तरीयता एवम् प्रभावकारिता जस्ता पक्षमा जोड दिएको छ ।

यसरी यस अध्ययनको लागि प्रयोग भएका सिद्धान्तहरूले यस अध्ययनलाई अगाडि बढाउन अध्ययनले राखेका उद्देश्यहरूको प्राप्ति गर्न, प्रयोग भएका सिद्धान्त अनुरूप समुदायद्वारा सञ्चालित विद्यालयहरूको मानवीय, भौतिक स्रोत  र साधनहरूको परिचालनको मौजुदा स्थिति, सरोकारवालाहरूको सहभागिताको स्थिति, विद्यालय, अभिभावक र स्थानीय समुदायको सम्बन्ध, सामूहिक सहभागिता र सामूहिक जिम्मेवारीको स्थिति, नेतृत्वशैली, कार्यविश्लेषण र कार्यदक्षताको स्थिति, शिक्षक तालिम र विद्यालय सुपरिवेक्षणको अवस्थिति, विद्यालय प्रशासनको प्रभावकारिता र कार्यदक्षताको स्थिति, नियम र नियमितता निर्माणको स्थिति, विद्यालय सरोकारवालाहरूका लागि अभिमुखीकरण कार्यक्रम सम्बन्धि व्यवस्थाको अवस्थितिको अध्ययन गरी प्रयोग गरिएका सिद्धान्त अनुरूप विद्यालय गतिविधि सञ्चालनको अवस्थितिको खोजी गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

त्यस्तै पुनरावलोकन गरिएका शोधपत्र एवं लेखहरुबाट समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक विद्यालयहरुको व्यवस्थापनको वर्तमान अवस्था, समस्या एवं चुनौतिहरु तथा समस्या समाधानका उपायहरु बारेमा मुलुकका विभिन्न क्षेत्रका विद्यालयहरु तथा फरक परिवेशका विद्यालयहरुको बारेमा जानकारी प्राप्त भएकाले प्राप्त जानकारीलाई पूर्वज्ञानका रुपमा लिई अध्ययन अनुसन्धानको प्रक्रिया अगाडि बढाउन मार्गनिर्देश गरेका छन् ।

सेरिडको अध्ययनले समुदामा सामुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरणमा देखा परेका समस्या र यसका चुनौतिहरु बारे व्यापक रुपमा छलफल गरेकाले यसबाट छनोट गरिएका विद्यालयहरुको व्यवस्थापकीय अवस्था एवं व्यवस्थापकीय कार्यमा सामुदायिक सहभागिताको आँकलन गर्न सहयोग पुगेको छ । त्यसरी नै भट्टको अध्ययनले सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा जिम्मा दिएपछि आएने परिवर्तनका बारेमा चर्चा गर्दै हाल यस प्रक्रियामा देखा परेका समस्याहरु बारे प्रष्ट्याएकाले प्रस्तुत अध्ययनमा नमुनामा परेका विद्यालयहरुको अवस्थाको आँकलन गर्ने आवश्यक आधारहरु तया गर्न सहयोग पुगेको छ ।

त्यसरी नै पुनरावलोकन गरिएका अन्य लेख रचना एवं शोध अध्ययनहरुबाट विकेन्द्रीकरणको आधारभूत पक्षका साथै सामुदायिक उत्तरदायित्व बोध समेतको बारेमा

चर्चा गरिएका कारण समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक विद्यालयमा समुदायले खेल्नुपर्ने भूमिका तथा हाल खेलेको भूमिकाको बीचमा तुलनात्मक विश्लेषण गरी निष्कर्षमा पुग्न सहयोग गरेका छन् ।

यसरी प्रस्तुत शोध अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा पुनरावलोकन गरिएका पूर्व साहित्य अन्तरगतका सामग्री तथा सैद्धान्तिक अवधारणाहरुले अध्ययनको आधारशीला तयार पार्न, विषयवस्तुको बारेमा आधारभूत सैद्धान्तिक अवधारणा तयार पार्न तजा अध्ययन विश्लेषणको आधार तयार पार्न समेत मद्धत पुऱ्याएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

समुदायद्वारा व्यव्स्थापन भएका सामुदायिक विद्यालयको सामुदायिक सहभागिता विषयमा केन्द्रित प्रस्तुत शोधपत्रमा सङ्कलित तथ्याङ्कलाई मूलतः गुणात्मक ढङ्गबाट प्रस्तुती, व्याख्या एवम् विश्लेषण गरिएको छ । तथ्याङ्कको प्रकृति अनुरुप गणितीय विधि समेत प्रयोग गरिएको भए पनि मूलतः प्रस्तुत शोधपत्र गुणात्मक ढाँचाको रहेको छ । गणितीय तथ्याङ्कलाई तालिका, औसत आदिको सहायताले प्रस्तुतीकरण तथा व्याख्या विश्लेषण समेत गरिएको छ भने विचारजन्य तथ्याङ्कलाई गुणात्मक ढङ्गले व्याख्या विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनोट

### ३.२.१ जनसंख्या

प्रस्तुत अध्ययनका लागि झापा जिल्लाको अनारमनी स्रोतकेन्द्रका स्रोतव्यक्ति, अनारमनी स्रोतकेन्द्र अन्तरगत सञ्चालित ३२ वटा सामुदायिक विद्यालयहरु, तिनका प्रधानाध्यापकहरु, तिनमा कार्यरत शिक्षकहरु, उक्त विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु, ती विद्यार्थीका अभिभावकहरु तथा सम्बन्धित क्षेत्र हेर्ने जिल्ला शिक्षा कार्यालय झापाका विद्यालय निरीक्षक समेतलाई जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमुनाको आकार

झापा जिल्लाको अनारमनी स्रोतकेन्द्रभित्र सञ्चालित समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरु मध्ये देहाय अनुसारका तीनवटा विद्यालयहरुलाई नमुनाको रुपमा लिई अध्ययन अगाडि बढाइएको छ । अध्ययनक्षेत्रसँग सम्बन्धित विद्यालय निरीक्षक १ जना, अध्ययनक्षेत्र रहेको स्रोतकेन्द्रका स्रोतव्यक्ति १ जना, नमुना छनोटमा परेका विद्यालयमा कार्यरत प्रधानाध्यापकहरु ३ जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु ३ जना, शिक्षक अभिभावक संघका अधयक्षहरु ३ जना, कार्यरत शिक्षकहरुमध्ये प्रत्येक विद्यालयबाट २ जनाको दरले ६ जना, प्रत्येक विद्यालयबाट ४ जनाका दरले

अभिभावकहरु १२ जनालाई नमुनाको रुपमा छनोट गरिएको छ । छनोटमा परेका विद्यालयमा अध्ययनरत विद्यार्थी मध्येबाट प्रत्येक विद्यालयबाट ४ जनाको दरले १२ जना विद्यार्थी छनोट गरिएको छ । नमुनाको आकार निम्नानुसार रहेको छ :

तालिका १ : नमुनाको आकार

| विद्यालय | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
|---|---|---|---|---|---|---|---|---|
| देवी उ. मा. वि., अनारमनी | १ | १ | १ | १ | १ | २ | ४ | ४ |
| सरस्वती मा. वि., अनारमनी | | | १ | १ | १ | २ | ४ | ४ |
| विराट नि.मा.वि., गरामनी | | | १ | १ | १ | २ | ४ | ४ |
| जम्मा | १ | १ | ३ | ३ | ३ | ६ | १२ | १२ |

### ३.२.३ नमुना छनोटको आधार

प्रस्तुत अध्ययन स्नातकोत्तर तहको आवश्यकता परिपूर्तिका लागि अनुसन्धानकर्ताले सीमित साधन, स्रोत र समयका बीचमा सम्पन्न गर्नुपर्ने भएकाले यसका लागि नमुनाको छनोट गर्दा भौगोलिक परिवेश, यातायात, सुगमताको अवस्था, आफ्नो कार्यक्षेत्रस्थल, समावेशिता, तथ्याङ्क प्राप्तिको विश्वसनीयता र वैधता समेतलाई आधार लिइएको छ ।

### ३.२.४ नमुना छनोट विधि

झापा जिल्लाको अनारमनी स्रोतकेन्द्र अन्तरगत सञ्चालित समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरु मध्ये तीनवटा सामुदायिक विद्यालयहरु सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ भने छनोटमा परेका विद्यालयहरुका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु तथा शिक्षक अभिभावक संघका अध्यक्षहरु उद्देश्यपूर्ण नमुना छनोट विधिबाट छनोट गरिएको छ । नमुनामा परेका विद्यालयका शिक्षक, अध्ययनरत विद्यार्थी र तिनका अभिभावकहरु सम्भावनायुक्त नमुना

छनोट विधिबाट छनोट गरिएको छ । त्यसरी नै विद्यालय निरीक्षक र स्रोतव्यक्ति उद्देश्यपूर्ण नमुना छनोट विधिबाट छनोट गरिएको छ ।

## ३.३ अनुसन्धानका साधनहरु

झापा जिल्लाको अनारमनी स्रोतकेन्द्र अन्तरगतका विद्यालयहरुमा समुदायको सहभागिताको अध्ययन गर्न आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागि देहायका अनुसन्धान साधनहरु उपयोग गरिएको छ ।

### ३.३.१ खुल्ला तथा बन्द प्रश्नावली

सामुदायिक विद्यालयको सामुदायिक सहभागिताको अवस्था बारेमा आवश्यक जानकारी प्राप्त गर्नका लागि खुल्ला तथा बन्द प्रश्नावली निर्माण गरी विद्यालय निरीक्षक, स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, प्रधानाध्यापक र शिक्षक बीचमा छुट्टाछुट्टै प्रश्नावली प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । अनुसन्धानमा प्रयुक्त प्रश्नावली अनुसूची १, २, ३, ४, ५ र ६ मा समावेश गरिएको छ ।

### ३.३.२ अवलोकन

नमुना छनोटमा परेका विद्यालयहरुको अवलोकन भ्रमण गरी विविध पक्षहरुको बारेमा आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । प्रयोग गरिएको अवलोकन फारामको नमुना अनुसूची ७ मा समावेश गरिएको छ ।

### ३.३.३ छलफल तथा अन्तरक्रिया

अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि समुदायद्वारा व्यवस्थापन भएका सामादायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुसँग विद्यालयको व्यवस्थापनमा सामुदायिक सहभागिता बारेमा आवश्यक छलफल सञ्चालन गरिएको छ । त्यसरी नै समुदायद्वारा व्यवस्थापन भएका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका अभिभावकहरुसँग विद्यालयको व्यवस्थापन र सामुदायिक सहभागिता विषयमा अन्तरक्रिया सञ्चालन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.४ अन्तरवार्ता

समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी तथा तिनका अभिभावकहरुसँग छुट्टाछुट्टै अन्तरवार्ता सञ्चालन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.५अभिलेख अध्ययन

समुदायद्वारा व्यवस्थापन भएका सामुदायिक विद्यालयको सामुदायिक सहभागिताको वासतविक अवस्था पहिचान गर्नका लागि विद्यालयका विविध अभिलेखहरु अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको अभिलेख अध्ययनका लागि तयार पारिएको फाराम अनुसूची ८ मा समावेश गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

प्रस्तुत अध्ययन अनुसन्धानमा निम्नानुसारका प्राथमिक र द्वितीयक दुवै स्रोतका तथ्याङ्कहरुको प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस अन्तर्गत झापा जिल्लाका नमुना छनोटमा परेका समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरुबाट छनोट गरिएको जनसंख्यासँग छलफल, अवलोकन, अर्न्तवार्ता र प्रश्नावली जस्ता साधनहरु प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

यस अन्तर्गत समुदायद्वारा व्यवस्थापन भएका विद्यालयमा समुदायको सहभागितासँग सम्बन्धित विद्यालयका अभिलेखहरु, पुस्तकहरु, पत्रपत्रिका पुराना शोधपत्रहरुको अध्ययनबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रकृया

प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा सर्वप्रथम छनोटमा परेका विद्यालयहरुको स्थलगत भ्रमण गरी उक्त विद्यालयका प्रधानाध्यापकहरुसँग आवश्यक कुराकानी गरियो । प्रधानाध्यापकलाई शोधको उद्देश्य तथा विधिका सम्बन्धमा

प्रष्ट पारिसकेपछि प्रश्नावली भरिदिन आग्रह गरियो । यसका साथै विद्यालयका शिक्षक तथा विद्यार्थीहरुलाई भेट्न र प्रश्नावली मार्फत जानकारी माग गर्न अनुमति लिने कार्य भयो । प्रधानाध्यापकको अनुमति पछि शिक्षकहरुसँग भेट गरी शोधको उद्देश्य, विधि र प्रकृयाका बारेमा कुराकानी गरी प्रश्नावली मार्फत आवश्यक जानकारी प्रदान गरिदिन आग्रह गरी प्रश्नावली फाराम दिने कार्य गरियो । त्यसपछि विद्यार्थीहरुसँग भेटघाट र छलफलद्वारा शोध अध्ययनको बारेमा प्रष्ट पारी प्रनावली भरिदिन अनुरोध गरी प्रश्नावली वितरण गरियो । यसरी प्रधानाध्यापक, शिक्षक र विद्यार्थीलाई भराइएका प्रश्नावलीहरु सङ्कलन गरियो । प्रश्नावली सङ्कलन गरिसके पछि विद्यार्थीह्रुसँग सामूहिक रुपमा समुदायद्वारा व्यवस्थापन भएका सामुदायिक विद्यालयको सामुदायिक सहभागिता सम्बन्धमा आवश्यक छलफल समेत सञ्चालन गरियो ।

विद्यालयमा प्रश्नावली भराइसके पछि उक्त विद्यालयमा बालबालिका पठाउने अभिभावकहरु बारे प्रधानाध्यापकबाट जानकारी हासिल गरी अभिभावकहरुलाई व्यक्तिगत रुपमा भेटेर शोध अध्ययनको विषयवस्तु तथा उद्देश्य बारे प्रष्ट पारी यस विषयमा आयोजना गरिने अन्तरक्रियामा उपस्थित भइदिन आग्रह गरियो र एउटा विदालयका अभिभावकहरुलाई एक स्थानमा भेला गराई अन्तरक्रिया सञ्चालन गरी तथ्याङ्क सङ्कलन गरियो । विद्यालय भ्रमणका समयमा समुदायद्वारा विद्यालयको व्यवस्थापन जिम्मा लिनु अघि र जिम्मा लिएपछिको अवस्था बारे आवश्यक जानकारी समेत हासिल गर्ने कार्य गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रकृया

प्राथमिक र द्वितीयक दुवै स्रोतहरुको उपयोग गरी सङ्कलन गरिएका तथ्याङ्कहरुलाई विश्वसनीयता र वैधता प्रदान गर्नको निमित्त तथ्याङ्कको प्रकृति हेरी गुणात्मक एवं परिमाणात्मक दुवै विधिहरुको आवश्यकता अनुसार प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । नमुना छनोटमा परेका शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, स्रोतव्यक्ति, विद्यालय निरीक्षक र अभिभावकहरुबाट प्राप्त विचारजन्य तथ्याङ्कलाई गुणात्मक विधिबाट व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । संख्यात्मक मानमा प्राप्त तथ्याङ्कलाई

तालिकीकरण गरी प्रतिशत तथा औसतको माध्यमबाट विश्लेषण गरिएको छ । साथै तालिकीकरण गरिएको तथ्याङ्कलाई वृत्तचित्र तथा स्तम्भचित्रको माध्यमले समेत विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# परिच्छेद चार

# नतिजाको विश्लेषण

## ४.१ सामुदायिक विद्यालयमा समुदायको सहभागिताको अवस्था

समुदायद्वारा व्यवस्थापन भएका सामुदायिक विद्यालयको सामुदायिक सहभागिताको वर्तमान अवस्थालाई व्याख्या विश्लेषण गर्नका लागि सामुदायिक सहभागिताका निम्न क्षेत्रहरुलाई छुट्टाछुट्टै उपशीर्षकहरुमा राखी सो सम्बन्धमा प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ :

१. आर्थिक स्रोत व्यवस्थापनमा
२. भौतिक सुविधा विस्तारमा
३. भौतिक सुविधाको संरक्षणमा
४. शैक्षिक सुधारमा

### ४.१.१. आर्थिक स्रोत व्यवस्थापनमा

समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुमा विद्यालयको स्तरोन्नति एवं सुविधा विस्तारका लागि नेपाल सरकारद्वारा प्रदान गरिएको आर्थिक अनुदान तथा सोबाट नपुग हुने भएमा वैकल्पिक आर्थिक स्रोत व्यवस्थापन गर्ने कार्यमा समुदायको सहभागिता के कस्तो रहेको छ भनी प्रश्नावली, अन्तर्वार्ता एवं व्यक्तिगत कुराकानीका माध्यमबाट समेत तथ्याङ्क सङ्कलन गरिएको थियो । प्राप्त सूचनालाई विद्यालयगत रुपमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २ : देवी उ.मा.वि. मा आर्थिक स्रोत व्यवस्थापनमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | - | - | १ | १ | १ | १ | २ | १ |
| सामान्य | १ | १ | - | - | - | १ | १ | २ |
| न्यून | - | - | - | - | - | - | १ | १ |
| शुन्य | - | - | - | - | - | - | - | - |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिका अनुसार देवी उ.मा.वि. मा आर्थिक स्रोतको व्यवस्थापन गर्ने कार्यमा समुदायको सहभागिताको स्थिति राम्रो देखिन्छ । स्रोतव्यक्ति र वि.नि. ले उक्त अवस्थालाई सामान्य मानेको देखिन्छ भने प्र.अ., वि.व्य.स. अध्यक्ष, शि.अ.संघ अध्यक्ष, १ शिक्षक, २ विद्यार्थी र १ अभिभावकले यसलाई उत्कृष्ट रहेको भन्ने उत्तर दिएका छन् । त्यसरी नै १ शिक्षक, १ विद्यार्थी र २ अभिभावकले यसलाई सामान्य मानेको पाइन्छ भने १ विद्यार्थी र १ अभिभावकको विचारमा यो सहभागिता न्यून रहेको छ । आर्थिक स्रोतको व्यवस्थापनमा समुदायको सहभागिता शुन्य रहेको टिप्पणी कसैको पाइएन ।

तालिका ३ : सरस्वती मा.वि. मा आर्थिक स्रोत व्यवस्थापनमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | – | – | – | १ | – | १ | १ | १ |
| सामान्य | १ | १ | १ | – | – | – | २ | १ |
| न्यून | – | – | – | – | १ | १ | १ | २ |
| शुन्य | – | – | – | – | – | – | – | – |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिका अनुसार सरस्वती मा.वि. मा आर्थिक स्रोतको व्यवस्थापन गर्ने कार्यमा समुदायको सहभागिताको स्थिति सामान्य देखिन्छ । स्रोतव्यक्ति, वि.नि., प्र.अ., २ जना विद्यार्थी र १ जना अभिभावकले उक्त अवस्थालाई सामान्य मानेको देखिन्छ भने वि.व्य.स. अध्यक्ष, १ शिक्षक, १ विद्यार्थी र १ अभिभावकले यसलाई उत्कृष्ट रहेको भन्ने उत्तर दिएका छन् । त्यसरी नै २ विद्यार्थी र १ अभिभावकले यसलाई सामान्य मानेको पाइन्छ भने शि.अ. संघ अध्यक्ष, १ विद्यार्थी र २ अभिभावकको विचारमा यो सहभागिता न्यून रहेको छ । आर्थिक स्रोतको व्यवस्थापनमा समुदायको सहभागिता शुन्य रहेको टिप्पणी कसैको पाइएन ।

तालिका ४ : विराट नि.मा.वि. मा आर्थिक स्रोत व्यवस्थापनमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | - | - | - | - | - | १ | १ | १ |
| सामान्य | - | १ | - | १ | - | - | २ | १ |
| न्यून | १ | - | १ | - | १ | १ | १ | २ |
| शुन्य | - | - | - | - | - | - | - | - |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिका अनुसार विराट नि. मा.वि. मा आर्थिक स्रोतको व्यवस्थापन गर्ने कार्यमा समुदायको सहभागिताको स्थिति कमजोर रहेको देखिन्छ । स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, २ जना विद्यार्थी र १ जना अभिभावकले उक्त अवस्थालाई सामान्य मानेको देखिन्छ भने १ शिक्षक, १ विद्यार्थी र १ अभिभावकले उत्कृष्ट मानेका छन् । वि.नि., प्र.अ., शि.अ. संघ अध्यक्ष, १ शिक्षक, १ विद्यार्थी र २ अभिभावकले यो सहभागितालाई न्यून बताएका छन् । आर्थिक स्रोतको व्यवस्थापनमा समुदायको सहभागिता शुन्य रहेको टिप्पणी कसैको पाइएन ।

आर्थिक स्रोत व्यवस्थापनमा सामुदायिक सहभागिताको स्थिति तुलनात्मक रुपमा देवी उ.मा.वि. मा राम्रो, सरस्वती मा.वि. मा सामान्य स्तरको र विराट नि.मा.वि. मा कमजोर रहेको पाइयो ।

### ४.१.२ भौतिक सुविधा विस्तारमा

समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुमा विद्यालयको भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता के कस्तो रहेको छ भनी प्रश्नावली, अन्तर्वार्ता एवं व्यक्तिगत कुराकानीका माध्यमबाट समेत तथ्याङ्क सङ्कलन गरिएको थियो । प्राप्त सूचनालाई विद्यालयगत रुपमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५ : देवी उ.मा.वि. मा भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | १ | १ | – | १ | १ | १ | २ | ३ |
| सामान्य | – | – | १ | – | – | १ | १ | १ |
| न्यून | – | – | – | – | – | – | १ | – |
| शुन्य | – | – | – | – | – | – | – | – |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिका अनुसार विद्यालयको भौतिक सुविधा विस्तार गर्ने सवालमा देवी उ.मा.वि. मा समुदायको सहभागिताको अवस्था राम्रो रहेको देखिन्छ । वि.नि., स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, शि.अ. संघ अध्यक्ष, १ जना शिक्षक, २ जना विद्यार्थी र ३ जना अभिभावकले विद्यालयको भौतिक सुविधा विस्तार गर्ने कार्यमा समुदायको उत्कृष्ट सहभागिता रहेको धारणा राखेको पाइन्छ भने प्र.अ., १ जना शिक्षक, १ जना विद्यार्थी र १ जना अभिभावकले यसलाई सामान्य स्तरको मानेका छन् । १ जना विद्यार्थीले भने भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता न्यून रहेको धारणा व्यक्त गरेका थिए ।

तालिका ६ : सरस्वती मा.वि. मा भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | – | – | – | – | – | – | १ | १ |
| सामान्य | १ | – | – | १ | – | १ | १ | २ |
| न्यून | – | १ | १ | – | १ | १ | २ | १ |
| शुन्य | – | – | – | – | – | – | – | – |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिका अनुसार सरस्वती मा.वि. मा विद्यालयको भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता सामान्य स्तरको रहेको छ।  नमुनामा परेका मध्ये १ जना विद्यार्थी र १ जना अभिभावकले विद्यालयको भौतिक सुविधा विस्तारमा समुदायको सहभागितालाई उत्कृष्ट बताएका छन् भने विद्यालय निरीक्षक, वि.व्य.स. अध्यक्ष, १ जना शिक्षक, १ जना विद्यार्थी र २ जना अभिभावकले यसलाई सामान्य अवस्थाको बताएका छन्। त्यसरी नै स्रोतव्यक्ति, प्र.अ., शि.अ. संघ अध्यक्ष, १ जना शिक्षक, २ जना विद्यार्थी र १ जना अभिभावकले यसलाई न्यून स्तरको बताएका छन्। उत्तरदाताहरुको मिश्रित प्रतिकृया प्राप्त भएकाले यसलाई सामान्य स्तरको मान्न सकिन्छ।

तालिका ७ : विराट नि.मा.वि. मा भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | - | - | - | - | - | - | १ | १ |
| सामान्य | - | - | - | १ | - | १ | १ | १ |
| न्यून | १ | १ | १ | - | १ | १ | २ | २ |
| शुन्य | - | - | - | - | - | - | - | - |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

तालिकामा देखाइएको तथ्याङ्क अनुसार विराट नि.मा.वि. को भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता त्यति सन्तोषजनक देखिँदैन। नमुनामा लिइएको जनसंख्या मध्ये १ विद्यार्थी र १ अभिभावकले मात्र भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता उत्कृष्ट रहेको बताएको पाइन्छ भने वि.व्य.स. अध्यक्ष, १ शिक्षक, १ विद्यार्थी र १ अभिभावकले सामान्य सहभागिता रहेको बताए। त्यसरी नै बहुसंख्यक उत्तरदाता अर्थात वि.नि., स्रोतव्यक्ति, प्र.अ., १ शिक्षक, २ विद्यार्थी र २ अभिभवकले समुदायको सहभागिता न्यून रहेको बताए।

भौतिक सुविधा विस्तारको सवालमा देवी उ.मा.वि. मा ामुदायिक सहभागिताको अवस्था तुलनात्मक रपमा राम्रो, सरस्वती मा.वि. मा मध्यम र विराट नि.मा.वि. मा न्यून स्तरको रहेको पाइयो ।

### ४.१.३ भौतिक संरचनाको संरक्षणमा

समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुमा विद्यालयको भौतिक संरचनाको संरक्षणमा समुदायको सहभागिता के कस्तो रहेको छ भनी प्रश्नावली, अन्तर्वार्ता एवं व्यक्तिगत कुराकानीका माध्यमबाट समेत तथ्याङ्क सङ्कलन गरिएको थियो । प्राप्त सूचनालाई विद्यालयगत रुपमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ८ : देवी उ.मा.वि. मा भौतिक संरचना संरक्षणमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | १ | १ | - | १ | १ | १ | २ | ३ |
| सामान्य | - | - | १ | - | - | १ | २ | १ |
| न्यून | - | - | - | - | - | - | - | - |
| शुन्य | - | - | - | - | - | - | - | - |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिका अनुसार विद्यालयको भौतिक संरचना संरक्षण गर्ने सवालमा देवी उ.मा.वि. मा समुदायको सहभागिताको अवस्था राम्रो रहेको देखिन्छ । वि.नि., स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, शि.अ. संघ अध्यक्ष, १ जना शिक्षक, २ जना विद्यार्थी र ३ जना अभिभावकले विद्यालयको भौतिक संरचनाको संरक्षण गर्ने कार्यमा समुदायको उत्कृष्ट सहभागिता रहेको धारणा राखेको पाइन्छ भने प्र.अ., १ जना शिक्षक, २ जना विद्यार्थी र १ जना अभिभावकले यसलाई सामान्य स्तरको मानेका छन् ।

तालिका ९ : सरस्वती मा.वि. मा भौतिक संरचना संरक्षणमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | - | - | - | - | - | १ | २ | २ |
| सामान्य | १ | १ | १ | १ | १ | १ | १ | १ |
| न्यून | - | - | - | - | - | - | १ | १ |
| शुन्य | - | - | - | - | - | - | - | - |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिका अनुसार सरस्वती मा.वि. मा विद्यालयको भौतिक संरचना संरक्षणमा समुदायको सहभागिता सामान्य स्तरको रहेको छ। नमुनामा परेका मध्ये १ जना शिक्षक, २ विद्यार्थी र २ जना अभिभावकले विद्यालयको भौतिक सुविधा विस्तारमा समुदायको सहभागितालाई उत्कृष्ट बताएका छन् भने विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्र.अ., वि.व्य.स. अध्यक्ष, शि.अ. संघ अध्यक्ष, १ जना शिक्षक, १ जना विद्यार्थी र १ जना अभिभावकले यसलाई सामान्य अवस्थाको बताएका छन्। त्यसरी नै १ जना विद्यार्थी र १ जना अभिभावकले यसलाई न्यून स्तरको बताएका छन्। उत्तरदाताहरुको मिश्रित प्रतिकृया प्राप्त भएकाले यसलाई सामान्य स्तरको मान्न सकिन्छ।

तालिका १० : विराट नि.मा.वि. मा भौतिक संरचना संरक्षणमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | - | - | - | - | - | - | १ | १ |
| सामान्य | - | - | - | १ | - | १ | १ | १ |
| न्यून | १ | १ | १ | - | १ | १ | २ | २ |
| शुन्य | - | - | - | - | - | - | - | - |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

तालिकामा देखाइएको तथ्याङ्क अनुसार विराट नि.मा.वि. को भौतिक संरचना संरक्षणमा समुदायको सहभागिता त्यति सन्तोषजनक देखिँदैन । नमुनामा लिइएको जनसंख्या मध्ये १ विद्यार्थी र १ अभिभावकले मात्र भौतिक सुविधा विस्तारमा समुदायको सहभागिता उत्कृष्ट रहेको बताएको पाइन्छ भने वि.व्य.स. अध्यक्ष, १ शिक्षक, १ विद्यार्थी र १ अभिभावकले सामान्य सहभागिता रहेको बताए । त्यसरी नै बहुसंख्यक उत्तरदाता अर्थात वि.नि., स्रोतव्यक्ति, प्र.अ., शि.अ. संघ अध्यक्ष, १ शिक्षक, २ विद्यार्थी र २ अभिभवकले समुदायको सहभागिता न्यून रहेको बताए ।

भौतिक संरचनाको संरक्षणमा सामुदायिक सहभागिताको सवालमा देवी उ.मा.वि. मा सामुदायिक सहभागिताको अवस्था तुलनात्मक रुपमा राम्रो, सरस्वती मा.वि. मा सामान्य स्तरको र विराट नि.मा.वि. मा कमजोर अवस्थाको पाइयो ।

### ४.१.४ शैक्षिक सुधारमा

समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुमा विद्यालयको सुधारमा समुदायको सहभागिता के कस्तो रहेको छ भनी प्रश्नावली, अन्तर्वार्ता एवं व्यक्तिगत कुराकानीका माध्यमबाट समेत तथ्याङ्क सङ्कलन गरिएको थियो । प्राप्त सूचनालाई विद्यालयगत रुपमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ११ : देवी उ.मा.वि. मा शैक्षिक सुधारमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | १ | १ | – | १ | १ | १ | २ | ३ |
| सामान्य | – | – | १ | – | – | १ | १ | १ |
| न्यून | – | – | – | – | – | – | १ | – |
| शुन्य | – | – | – | – | – | – | – | – |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

प्रस्तुत तालिका अनुसार विद्यालयको शैक्षिक सुधार गर्ने कृयाकलापहरुमा देवी उ.मा.वि. मा समुदायको सहभागिता राम्रो रहेको देखिन्छ । नमुनामा लिइएका मध्ये वि.नि., स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, शि.अ.संघ अध्यक्ष, १ जना शिक्षक, २ जना विद्यार्थी र ३ जना अभिभावकको धारणामा यो सहभागिता उत्कृष्ट स्तरको रहेको छ । त्यसरी नै विद्यालयका प्र.अ., १ जना शिक्षक, १ जना विद्यार्थी र १ जना अभिभावकको धारणामा यो सहभागिता सामान्य स्तरको रहेको देखिन्छ भने १ जना विद्यार्थीले शैक्षिक सुधारमा समुदायको सहभागिता न्यून रहेको बताएका थिए ।

तालिका १२ : सरस्वती मा.वि. मा शैक्षिक सुधारमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | १ | १ | – | १ | १ | १ | २ | ३ |
| सामान्य | – | – | १ | – | – | १ | १ | १ |
| न्यून | – | – | – | – | – | – | १ | – |
| शुन्य | – | – | – | – | – | – | – | – |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिका अनुसार सरस्वती मा.वि.मा शैक्षिक सुधारमा समुदायको सहभागितामा राम्रो रहेको पाइयो । नमुना लिइएकाहरुमा उत्कृष्ट मान्नेहरुमा वि.नि.,स्रोत व्यक्ति, वि.व्य.स. अध्यक्ष, शि.अ.संघका अध्यक्ष, १ जना शिक्षक, २ जना विद्यार्थी र ३ जना अभिभावक रहेका छन् भने नमुना लिइएकाहरुबाट सामान्य मान्नेमा प्र.अ, १ जना शिक्षक, १जना विद्यार्थी र १ जना अभिभावक रहेकाछन्  त्यस्तै नमुना लिइएकाहरु मध्येबाट न्यून मान्ने १ जना विद्यार्थी रहेका छन् ।

तालिका १३ : विराट नि.मा.वि. मा शैक्षिक सुधारमा समुदायको सहभागिता

| सहभागिता सूचक | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वि.नि. | स्रोत व्यक्ति | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शि.अ.संघ अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
| उत्कृष्ट | १ | १ | – | १ | १ | १ | २ | ३ |
| सामान्य | – | – | १ | – | – | १ | १ | १ |
| न्यून | – | – | – | – | – | – | १ | – |
| शुन्य | – | – | – | – | – | – | – | – |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिका अनुसार विराट नि. मा.वि.मा शैक्षिक सुधारमा समुदायको सहभागितामा राम्रो पाइयो । नमुना लिइएकाहरुबाट उत्कृष्ट मान्नेहरुमा वि.नि.,स्रोत व्यक्ति, वि.व्य.स. अध्यक्ष, शि.अ.संघका अध्यक्ष, १ जना शिक्षक, २ जना विद्यार्थी र ३ जना अभिभावक रहेका छन् भने नमुना लिइएकाहरुबाट सामान्य मान्नेमा प्र.अ, १ जना शिक्षक, १ जना विद्यार्थी र १ जना अभिभावक रहेकाछन् त्यस्तै नमुना लिइएकाहरु मध्येबाट न्यून मान्ने १ जना विद्यार्थी रहेको पाइयो ।

विद्यालयको शैक्षिक सुधारमा सामुदायिक सहभागिताको सवालमा देवी उ.मा.वि. को अवस्था तुलनात्मक रुपमा राम्रो, सरस्वती मा.वि. को अवस्था सामान्य र विराट नि.मा.वि. को अवस्था कमजोर रहेको पाइयो ।

उपर्युक्त विश्लेषणबाट आर्थिक स्रोत व्यवस्थापन, भौतिक सुविधा विस्तार, भौतिक संरचनाको संरक्षण तथा शैक्षिक गुणस्तर सुधारमा समेत सामुदायिक सहभागिताको अवस्था राम्रो भएको विद्यालयमा विद्यार्थी भर्ना, नियमितता, टिकाउपन तथा विद्यार्थीको शैक्षिक उपलब्धिस्तर समेत राम्रो भएकाले विद्यार्थी संख्या राम्रो देखिएको छ ।

## ४.२ विद्यालयमा समुदायको सहभागितामा प्रभाव पार्ने तत्वहरु

प्रस्तुत अध्ययन अनुसन्धानको क्रममा नमुना छनोटमा परेका विद्यालयमा समुदायको सहभागितामा प्रभाव पार्ने तत्वहरुलाई निम्नानुसार प्रस्तुती एवं व्याख्या गरिएको छ :

### ४.२.१ विद्यालय समुदाय सम्बन्ध

विद्यालय र समुदायको सम्बन्धले विद्यालयका गतिविधिहरुमा समुदायको सहभागितालाई प्रत्यक्ष प्रभाव पार्दछ । विद्यालय र समुदायको सम्बन्ध सुमधुर रहेमा समुदायले विद्यालयप्रति अपनत्वको अनुभूति गर्ने भएकाले विद्यालयका विविध गतिविधिहरुमा प्रभावकारी सहभागिता विकसित हुन सक्दछ । त्यसको विपरित विद्यालय र समुदायको सम्बन्धमा कटुता पैदा भएमा विद्यालयका गतिविधि सम्बन्धमा समुदाय उदासीन रहन्छ वा नकारात्मक बन्दछ ।

### ४.२.२ विद्यालय र समुदाय बीच सम्पर्क र सञ्चार

विद्यालयमा समुदायको सहभागितालाई विद्यालय र समुदाय बीच सम्पर्क र सञ्चारले प्रभाव पारेको हुन्छ । विद्यालय र समुदाय बीच सञ्चार र सम्पर्क कायम रहन सकेमा विद्यालयका गतिविधिहरु बारे समुदाय यथासमयमा सुसूचित हुने भएकाले प्रभावकारी सहभागिता विकसित हुन सक्दछ ।

### ४.२.३ विद्यालयका गतिविधिको पारदर्शिता

विद्यालयका विविध गतिविधिहरुमा पारदर्शिता हुनु समुदायको सहभागिता आकर्षित गर्ने प्रमुख माध्यम हो । विद्यालयका आर्थिक, शैक्षिक र व्यवस्थापकीय गतिविधिहरु पारदर्शी भएमा सामुदायिक सहभागिता बढ्दछ । त्यसको विपरित विद्यालयका गतिविधिहरु पारदर्शी भएनन् भने समुदाय विद्यालयप्रति उदासीन बन्दछ ।

### ४.२.४ समुदायको चेतनास्तर

विद्यालयमा सामुदायिक सहभागितालाई समुदायको चेतनास्तरले प्रभाव पारेको हुन्छ । शिक्षा र चेतनाको विकास भएको समुदायका सदस्यहरुले विद्यालयलाई आफ्नो सामाजिक सम्पत्तिका रुपमा बुझेको हुन्छ र त्यस्तो समुदायका सदस्यहरु विद्यालयका गतिविधिहरुमा सहभागी बन्दछन् । तर शिक्षा र चेतनाको स्तर कमजोर रहेको समुदायका सदस्यहरुमा विद्यालयप्रति अपनत्वको चेतना हुँदैन र विद्यालयका गतिविधिहरुमा सहभागी बन्दैनन् ।

## ४.३ विद्यालयको व्यवस्थापनमा समुदायिक सहभागिताको तुलनात्मक अध्ययन

नमुना छनोटमा परेका विद्यालयहरुमा समुदायको सहभागिताको अवस्थालाई तुलनात्मक रुपमा विश्लेषण गर्न निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १४ : समुदायको सहभागिताको तुलनात्मक विवरण

| सहभागिता सूचक | देवी उ.मा.वि. | | | सरस्वती मा.वि. | | | विराट नि.मा.वि. | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उत्कृष्ट | सामान्य | न्यून | उत्कृष्ट | सामान्य | न्यून | उत्कृष्ट | सामान्य | न्यून |
| आर्थिक स्रोत व्यवस्थापन | ✓ | | | | ✓ | | | | ✓ |
| भौतिक सुविधा विस्तार | ✓ | | | ✓ | | | | | ✓ |
| भौतिक संरचना संरक्षण | | ✓ | | | ✓ | | | | ✓ |
| शैक्षिक सुधार | ✓ | | | | ✓ | | | | ✓ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिकामा नमुना छनोटमा परेका तीनवटा विद्यालयहरुमा समुदायको सहभागिताको अवस्थालाई प्रस्तुत गरिएको छ। तुलनात्मक रपमा हेर्दा देवी उ.मा.वि. को समुदाय सहभागिताको स्थिति सबल देखिन्छ। समुदायको सहभागिताका चार वटा सूचकहरु मध्ये तीन वटा सूचकहरुमा देवी उ.मा.वि. को समुदाय सहभागिता उत्कृष्ट देखिन्छ। एक वटा सूचकमा पनि सामान्य स्तर रहेको छ। त्यसरी नै सरस्वती मा.वि. को समुदाय सहभागिताको स्थिति सामान्य देखिन्छ। चार वटा मध्ये तीन वटा सूचकहरुमा सामान्य र एक वटा सूचकमा समुदाय सहभागिताको स्थिति उत्कृष्ट रहेको देखिन्छ। विराट नि.मा.वि. मा भने समुदाय सहभागिताका चारवटै सूचकहरुमा सहभागिताको स्थिति न्यून रहेको पाइन्छ।

सामुदायिक सहभागिताको अवस्था तथा त्यसले विद्यालयका विभिन्न पक्षहरुमा पारेको प्रभावलाई समेत सामुदायिक सहभागिताको अवस्थासँग दाँजेर हेर्नका लागि निम्नानुसारका उपशीर्षकहरुमा विद्यालयका विविध पक्षहरुको वर्तमान अवस्थालाई व्याख्या विश्लेषण गरिएको छ :

### ४.३.१ विद्यार्थी भर्ना

समुदायको सहभागिताले विद्यार्थी भर्नामा पारेको प्रभावको अध्ययन गर्न छनोटमा परेका विद्यालयहरुको विगत ३ शैक्षिक वर्षको विद्यार्थी भर्ना विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १५ : विद्यार्थी भर्ना विवरण

| विद्यालयको नाम | २०७१ | | | २०७२ | | | २०७३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| देवी उ.मा.वि. | १०० | ९२ | १९२ | १३२ | १०० | २३२ | १३५ | १२८ | २६३ |
| सरस्वती मा.वि. | ९० | ५५ | १४५ | ८९ | ७१ | १६० | १०५ | ७६ | १८१ |
| विराट नि.मा.व. | ८३ | ७७ | १६० | ६८ | ४९ | ११७ | ७५ | ४० | ११५ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिकालाई अध्ययन गर्दा देवी उच्च मा.वि. को प्राथमिक तहमा २०७१ सालमा छात्रा १०० र छात्र ९२ गरी जम्मा १९२ जना विद्यार्थी भर्ना भएका थिए भने २०७२ सालमा छात्रा १३२ र छात्र १०० गरी जम्मा २३२ जना र २०७३ सालमा १३५ छात्रा र १२८ छात्र गरी जम्मा २६३ जना विद्यार्थी भर्ना भएका छन् । त्यस्तै गरी सरस्वती मा.वि.मा २०७१ सालमा छात्रा ९० र छात्र ५५ गरी जम्मा १४५ जना, २०७२ सालमा छात्रा ८९ र छात्र ७९ गरी जम्मा १६० र २०७३ सालमा छात्रा १०५ र छात्र ७६ गरी जम्मा १८१ जना विद्यार्थी भर्ना भएका छन् । त्यसरी नै विराट नि.मा.वि. मा २०७१ सालमा सालमा छात्रा ८३ र छात्र ७७ गरी जम्मा १६० जना, २०७२ सालमा छात्रा ६८ र छात्र ४९ गरी जम्मा ११७ र २०७३ सालमा छात्रा ७५ र छात्र ४० गरी जम्मा ११५ जना विद्यार्थी भर्ना भएका छन् । नमुनामा लिइएका विद्यालयहरु मध्ये देवी उ.मा.वि. र सरस्वती मा.वि. मा विद्यार्थी भर्ना २०७१ को तुलनामा २०७२ र २०७३ मा वृद्धि भएको पाइयो भने विराट नि.मा. वि. मा विद्यार्थी भर्ना प्रति वर्ष घट्दै गएको पाइयो ।

### ४.३.२ विद्यार्थी नियमितता

समुदायको सहभागिताले विद्यार्थी नियमिततामा पारेको प्रभावको अध्ययन गर्न छनोटमा परेका विद्यालयहरुको विगत ३ शैक्षिक वर्षको विद्यार्थी भर्ना, कक्षा छोड्ने र परीक्षामा सामेल विद्यार्थीको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १६ : विद्यार्थी नियमितता विवरण

| विद्यालय | २०७० | | | २०७१ | | | २०७२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना | कक्षा छोड्ने | परीक्षामा सामेल | भर्ना | कक्षा छोड्ने | परीक्षामा सामेल | भर्ना | कक्षा छोड्ने | परीक्षामा सामेल |
| देवी उ.मा.वि. | १८५ | २६ | १५९ | १९२ | २१ | १७१ | २३२ | २३ | २०९ |
| सरस्वती मा.वि. | १३८ | २५ | ११३ | १४५ | २७ | ११८ | १६० | २१ | १३९ |
| विराट नि.मा.वि. | १५५ | ४५ | ११० | १६० | ४० | १२० | ११७ | ३२ | ८५ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिकामा विगत ३ शैक्षिक वर्षमा देवी उ.मा.वि, सरस्वती मा.वि. र विराट नि.मा.वि. को कक्षा छोड्ने विवरण प्रस्तुत गरिएको छ। देवी उ.मा.वि. मा २०७० मा १८५ जना भर्ना भएका मध्ये २६ जनाले, २०७१ मा १९२ जना भर्ना भएका मध्ये २१ जनाले र २०७२ मा २३२ जना भर्ना भएका मध्ये २३ जनाले बीचैमा विद्यालय छोडेको पाइन्छ। त्यस्तै सरस्वती मा.वि. मा २०७० मा १३८ जना भर्ना भएका मध्ये २५ जनाले, २०७१ मा १४५ जना भर्ना भएका मध्ये २७ जनाले र २०७२ मा १६० जना भर्ना भएका मध्ये २१ जनाले बीचैमा विद्यालय छोडेको पाइन्छ। त्यसरी नै विराट नि.मा.वि. मा २०७० मा १५५ जना भर्ना भएका मध्ये ४५ जनाले, २०७१ मा १६० जना भर्ना भएका मध्ये ४० जनाले र २०७२ मा ११७ जना भर्ना भएका मध्ये ३२ जनाले बीचैमा विद्यालय छोडेको पाइन्छ। तुलनात्मक रुपमा विराट नि.मा.वि. को कक्षा छोड्ने दर अन्य विद्यालयको भन्दा बढी देखिन्छ।

### ४.३.३ शैक्षिक उपलब्धि

समुदायको सहभागिताले विद्यार्थीको शैक्षिक उपलब्धिमा पारेको प्रभावको अध्ययन गर्न छनोटमा परेका विद्यालयहरुको विगत ३ शैक्षिक वर्षको विद्यार्थीको शैक्षिक उपलब्धि विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १७ : शैक्षिक उपलब्धि विवरण

| विद्यालय | २०७० | | | २०७१ | | | २०७२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना | परीक्षामा सामेल | उत्तीर्ण | भर्ना | परीक्षामा सामेल | उत्तीर्ण | भर्ना | परीक्षामा सामेल | उत्तीर्ण |
| देवी उ.मा.वि. | १८५ | १५९ | १४० | १९२ | १७१ | १६० | २३२ | २०९ | २०५ |
| सरस्वती मा.वि. | १३८ | ११३ | ९५ | १४५ | ११८ | १०० | १६० | १३९ | १३० |
| विराट नि.मा.वि. | १५५ | ११० | ८५ | १६० | १२० | ९५ | ११७ | ८५ | ७० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७३

माथिको तालिकामा विगत ३ शैक्षिक वर्षको देवी उ.मा.वि, सरस्वती मा.वि. र विराट नि.मा.वि. को शैक्षिक उपलब्धि विवरण प्रस्तुत गरिएको छ। देवी उ.मा.वि. मा २०७० मा १५९ जना परीक्षामा सामेल भएका मध्ये १४० जना, २०७१ मा १७१ जना मध्ये १६० जना र २०७२ मा २०९ जना मध्ये २०५ जना कक्षा उत्तीर्ण भएको देखिन्छ। त्यस्तै सरस्वती मा.वि. मा २०७० मा ११३ जना परीक्षामा सामेल भएका मध्ये ९५ जना, २०७१ मा ११८ जना मध्ये १०० जना र २०७२ मा १३९ जना मध्ये १३० जना कक्षा उत्तीर्ण भएको देखिन्छ। त्यसरी नै विराट नि.मा.वि मा २०७० मा ११० जना परीक्षामा सामेल भएका मध्ये ८५ जना, २०७१ मा १२० जना मध्ये ९५ जना र २०७२ मा ८५ जना मध्ये ७० जना कक्षा उत्तीर्ण भएको देखिन्छ। तुलनात्मक रुपमा विराट नि.मा.वि. को कक्षा उत्तीर्ण दर अन्य विद्यालयको भन्दा कम देखिन्छ।

विद्यालयका विभिन्न कृयाकलापहरु तथा गतिविधिहरुमा सामुदायिक सहभागिताको अवस्था तुलनात्मक रुपमा राम्रो भएको विद्यालय देवी उ.मा.वि. मा अन्य विद्यालयको तुलनामा विद्यार्थी भर्नाको अवस्था राम्रो रहेको पाइयो भने विद्यार्थीको

टिकाउपन तथा नियमितता समेत राम्रो पाइयो । यसको परिणामस्वरुप शैक्षिक उपलब्धि तथा कक्षोत्तीर्णदर समेत अन्य विद्यालयको तुलनामा राम्रो देखियो ।

## ४.४ समुदायको सहभागितालाई प्रभावकारी बनाउने उपायहरु

समुदायद्वारा व्यवस्थापन भएका विद्यालयमा समुदायको सहभागितालाई प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नु पर्ने उपायहरु बारेमा उत्तरदाताहरुबाट प्रश्नावली, अन्तरवार्ता, व्यक्तिगत कुराकानी समेतका माध्यमबाट प्राप्त विचारहरुलाई संश्लेषण गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.४.१ समुदायसँग सम्बन्ध विस्तार

विद्यालय र समुदायको सम्बन्ध सुमधुर रहेमा समुदायले विद्यालयप्रति अपनत्वको अनुभूति गर्ने भएकाले विद्यालयका विविध गतिविधिहरुमा प्रभावकारी सहभागिता विकसित हुन सक्दछ । त्यसकारण विद्यालयमा सामुदायिक सहभागिता वृद्धि गर्न विद्यालयले समुदायसँग सम्बन्ध विस्तार गर्नुपर्दछ र समुदायका सदस्यहरुमा विद्यालयप्रति अपनत्वको भावना विकसित गराउनु पर्दछ ।

### ४.४.२ समुदायसँग निरन्तर सम्पर्क र सञ्चार

विद्यालयमा समुदायको सहभागिताको प्रभावकारिताका निम्ति विद्यालय र समुदाय बीच निरन्तर सम्पर्क र सञ्चार हुनु आवश्यक हुन्छ । नियमित सञ्चार र सम्पर्कले विद्यालयका गतिविधिहरु बारे समुदाय यथासमयमा सुसूचित हुने भएकाले प्रभावकारी सहभागिता विकसित हुन सक्दछ । सामुदायिक सहभागिता अभिवृद्धि गर्न विद्यालयले समुदायका सदस्यहरुसँग विद्यालयका हरेक गतिविधि तथा कृयाकलाप बारे सञ्चार र सम्पर्कको माध्यमबाट नियमित रुपमा जानकारीको सम्प्रेषण गर्नु पर्दछ ।

### ४.४.३ पारदर्शिता

विद्यालयका विविध गतिविधिहरुमा पारदर्शिता हुनु समुदायको सहभागिता आकर्षित गर्ने प्रमुख माध्यम हो । त्यसकारण विद्यालयमा समुदायको सहभागितालाई प्रभावकारी बनाउन विद्यालयका गतिविधिहरु पारदर्शी हुनु पर्दछ । विद्यालयका आर्थिक, भौतिक, शैक्षिक पक्षहरु पारदर्शी रुपमा समुदायका सदस्यहरुको जानकारीमा पुग्ने

व्यवस्था मिलाउनाले समुदायमा विद्यालयको वास्तविक अवस्था बारे ज्ञान भई विद्यालयप्रति अपनत्व पैदा र विकसित हुन्छ जसले विद्यालयमा सामुदायिक सहभागिता अभिवृद्धि हुन्छ ।

### ४.४.४ विद्यालय समुदाय अन्तरक्रिया

विद्यालय र समुदायको बीच समय समयमा अन्तरक्रिया सञ्चालन गरेर विद्यालयप्रति समुदायमा अपनत्वको भावना सबल बनाउन सके विद्यालयमा समुदायको सहभागिता प्रभावकारी बन्दछ । सामुदायिक सहभागिता अभिवृद्धि गर्न विद्यालयले समय समयमा समुदायका सदस्यहरुलाई विद्यालयमा निमन्त्रणा गरी विद्यालयका विविध पक्षहरु बारे अन्तरक्रिया, छलफल र गोष्ठी सञ्चालन गरी विद्यालयका समस्या एवं तिनको समाधान, विद्यालयका सबल पक्षहरु, सुधार गर्नु पर्ने पक्षहरु बारे समुदायका सदस्यहरु बीचमा सूचना सम्प्रेषण गर्नुका साथै कमजोर पक्षहरुको सुधार एवं देखिएका समस्या समाधानमा समुदायको भूमिकाको लागि आग्रह गर्ने गर्नु पर्दछ । यसबाट विद्यालयमा समुदायको सहभागिताको अवसर विकसित हुन्छ ।

### ४.४.५ सरोकारवालाहरुको सहभागिताको वातावरण निर्माण

समुदाय स्वतः विद्यालयका गतिविधिहरुमा सहभागी बन्ने नभई विद्यालयले निर्माण गरेको वातावरणबाट समुदायको सहभागिताको अवस्था निर्धारित हुने भएकाले विद्यालयका गतिविधिहरुमा सहभागी बन्नका लागि समुदायका सदस्यहरुलाई सहज वातावरण निर्माण गर्नु विद्यालयको दायित्व हो । विद्यालयका गतिविधिका हरेक पक्षको बारेमा समुदायलाई जानकारी दिने, समुदायले गरेका उपलब्धिमूलक कार्यहरुको बारेमा सार्वजनिकीकरण गर्ने, विद्यालयका हरेका कृयाकलापहरुमा समुदायलाई संलग्न र सहभागी बन्न आग्रह गर्ने जस्ता कृयाकलापहरुलाई विद्यालयले बढावा दिन सके विद्यालयका गतिविधिहरुमा समुदायको सहभागिताको उपयुक्त वातावरण निर्माण हुन सक्छ ।

## ४.५ प्राप्ति

समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुमा समुदायको सहभागिताको अवस्था पहिचान गरी त्यसको प्रभावकारिता बारे विश्लेषण गर्ने उद्देश्य साथ सम्पन्न

गरिएको प्रस्तुत अध्ययनमा सङ्कलित तथ्याङ्कको विश्लेषण पश्चात निम्नानुसारका प्राप्तिहरु प्रस्तुत गरिएको छ :

विद्यालयमा समुदायको सहभागिताको अवस्था पहिचानका लागि विद्यालयमा आर्थिक स्रोत व्यवस्थापन, भौतिक सुविधा विस्तार, भौतिक संरचना संरक्षण, शैक्षिक सुधारको क्षेत्रमा समुदायको सहभागिताको अध्ययन गर्दा देवी उ.मा.वि. मा समुदायको सहभागिता उत्कृष्ट स्तरको रहेको पाइयो । समूह सहभागिता उत्कृष्ट रहेको कारण विद्यालयमा विद्यार्थीको भर्ना, टिकाउपन तथा विद्यालयको शैक्षिक उपलब्धिको अवस्था राम्रो रहेको पाइयो ।

सरस्वती मा.वि. मा समुदायको सहभागिताको अध्ययनका निम्ति तयार पारिएका सूचकहरुका आधारमा समुदायको सहभागिता सामान्य अर्थात मध्यम स्तरको रहेको पाइयो । विद्यालयको विद्यार्थी भर्ना, टिकाउपन तथा शैक्षिक उपलब्धिमा समेत सामान्य गतिमा सुधार हुँदै आएको पाइयो ।

विराट नि.मा.वि. मा विद्यालयमा समुदायको सहभागिता न्यून रहेको पाइयो । तयार पारिएका चार वटै सूचकहरुमा समुदायको सहभागिता न्यून रहेको देखियो । विद्यार्थी भर्ना, टिकाउपन तथा शैक्षिक उपलब्धि समेत गिर्दो अवस्थामा पाइयो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

नेपाल सरकारको पछिल्लो समयको नीति अनुरुप विद्यालय सञ्चालनमा समुदायलाई जिम्मेवार बनाउने कार्यक्रमको प्रभावकारिताको विश्लेषण गरी विद्यालय समुदायमा हस्तान्तरण कार्यक्रमको औचित्य पुष्टि गर्न सहयोग पुग्ने ध्येयले गरिएको यस अध्ययन अनुसन्धानमा सङ्कलित तथ्याङ्कको विश्लेषणका आधारमा निम्नानुसार निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

समुदायमा व्यवस्थापन हस्तान्तरण गरिएका विद्यालयहरुको अवस्था समुदायमा व्यवस्थापन हस्तान्तरण नगरिएका विद्यालयहरुको भन्दा के कति कुरामा भिन्न रहेको छ अर्थात समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुमा समुदायको सहभागिताले विद्यालयलाई सुदृढ र स्तरीय बनाउँदै छ या छैन भन्ने पत्ता लगाउनका लागि सञ्चालित प्रस्तुत अनुसन्धानको निष्कर्षका रुपमा विद्यालयमा समुदायको सहभागिताले विद्यालयको भौतिक पक्षको सुदृढीकरण, आर्थिक स्रोतको व्यवस्थापन जस्ता पक्षहरुमा प्रत्यक्ष प्रभाव पारेको तथ्य उद्घोष गर्न सकिन्छ। विद्यालयको शैक्षिक गुणस्तर विद्यालयको आर्थिक र भौतिक अवस्थासँग सम्बन्धित हुने भएकाले समुदायको सहभागिताले शैक्षिक गुणस्तरमा समेत परोक्ष प्रभाव पारेको हुन्छ। यसका साथै समुदायको क्रियाशीलतासँगसँगै समुदायको सचेतनाको स्तर समेत अभिवृद्धि गर्न सकिएन भने विद्यालयका गतिविधिहरु सहज रुपमा सञ्चालन गर्न व्यवधान खडा हुन सक्ने समेत निष्कर्ष निकालिएको छ।

## ५.२ सुझावहरु

प्रस्तुत शोधकार्यको क्रममा सङ्कलन गरिएका तथ्याङ्कको व्याख्या विश्लेषणबाट प्राप्त निष्कर्षहरुआधारमा देखिएका कमी कमजोरीहरुको सुधार गर्नका लागि नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि निम्नानुसार छुट्टाछुट्टै सुझावहरु प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको समुदायिक सहभागिता शीर्षकमा गरिएको यस अध्ययनबाट सामुदायिक सद्यिालयको सञ्चालन सम्बन्धमा नीति निर्माण गर्ने तह अर्थात शिक्षा मन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालयलाई निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ :

समुदायलाई विद्यालयको व्यवस्थापन हस्तान्तरण गर्नु पूर्व व्यवस्थापन जिम्मा लिन चाहने समुदायका प्रतिनिधिहरुलाई जिल्ला शिक्षा कार्यालयद्वारा विद्यालय सञ्चालन कार्यविधि बारे आवश्यक तालिमको व्यवस्था गरी विद्यालयको सञ्चालनमा सक्षम बनाउने नीतिगत व्यवस्था गरिनु पर्दछ ।

समय समयमा जिल्ला शिक्षा कार्यालयले स्थानीय निकायसँग समन्वय र सहकार्य गरी समुदायमा सामुदायिक विद्यालयको सञ्चालन तथा यसमा समुदायको भूमिका सम्बन्धमा कार्यशाला, विचार गोष्ठी, छलफल, अन्तरक्रिया जस्ता कार्यत्रमहरु सञ्चालन गर्ने व्यव्स्था मिलाइनु पर्दछ ।

सम्बन्धित जिल्ला शिक्षा कार्यालयले समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुको पुनर्मूल्याङ्कन गर्ने नीतिगत व्यवस्था गरिनु आवश्यक छ ।

समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिंदा पूरा गर्नुपर्ने कार्यविधि सहज बनाइनु आवश्यक छ ।

शिक्षा विभागबाट नै एक पटक समुदायलाई व्यवस्थापन हस्तान्तरण गरिएका विद्यालयको व्यवस्थापन समुदायले गर्न नसकेमा पुनः नेपाल सरकारले नै व्यवस्थापन गर्ने नीति बनाइनु आवश्यक छ ।

समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुको भौतिक सुविधा विस्तारका लागि शिक्षा मन्त्रालय, शिक्षा विभागबाट छुट्टै प्याकेजको रुपमा अनुदानको व्यवस्था गरिनु आवश्यक छ ।

शिक्षा मन्त्रालयले विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा संशोधन गरी विद्यालय व्यवस्थापन समितिको पदाधिकारी वा सदस्य बन्न विद्यालयका गतिविधिहरुमा नियमित रुपमा सहभागी भएको प्रामाणिक आधारमा मात्र विद्यालय व्यवस्थापन समितिको पदाधिकारी वा सदस्यमा निर्वाचित हुन सक्ने व्यवस्था गर्नु पर्दछ ।

विद्यालयको आर्थिक, भौतिक र शैक्षिक सुधारका लागि समुदायको योजना, कार्यान्वयन र प्रगति बारे जिल्ला शिक्षा कार्यलयले अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने व्यवस्था गरिनु पर्दछ ।

### ५.२.२ अभ्यास तह

सामुदायिक विद्यालयले आफ्नो वार्षिक कार्ययोजना निर्माण गर्दा समुदायका सदस्यहरुलाई सहभागी गराउने र निर्मित कार्ययोजना लागू गर्नु पूर्व समुदायका सदस्यहरुको भेलाबाट अनुमोदन गराउने व्यवस्था मिलाउनु पर्दछ ।

सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले विद्यालय र समुदायको आपसी सम्बन्ध एवं सम्पर्क जीवन्त रहने गरी समय समयमा छलफल, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरुको आयोजना गर्नु पर्दछ ।

विद्यालयका आर्थिक, शैक्षिक र व्यवस्थापकीय कृयाकलापहरु पारदर्शी बनाइनु पर्दछ र समुदायका सदस्यहरुबाट यस्ता कृयाकलापहरु बारे पृष्ठपोषण लिने व्यवस्था गरिनु आवश्यक छ ।

### ५.२.३ अनुसन्धान तह

यो अध्ययनबाट प्राप्त तथ्याङ्कहरुबाट पहिचान गरिएका समस्याहरु तथा तथ्याङ्कको व्याख्या विश्लेषणबाट प्राप्त निष्कर्षले समग्र देशभरिका समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुमा समुदायको सहभागिताको अवस्थाको प्रतिनिधित्व गर्न नसक्ने भएकोले व्यापक क्षेत्रलाई समेट्ने गरी समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयमा समुदायको सहभागिताको अवस्था तथा समुदायको सहभागिताको विद्यालयको आर्थिक, शैक्षिक र भौतिक उन्नतिमा प्रभावसँग सम्बन्धित विषयमा थप अध्ययन अनुसन्धान गर्ने सुझाव प्रस्तुत गरिएको छ ।

यस क्रममा सामुदायिक विद्यालयको व्यवस्थापनमा समुदायको सहभागिता, समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको व्यवस्थापन जिम्मा लिनु पूर्व र जिम्मा लिएपछिको अवस्थाको तुलनात्मक अध्ययन, सामुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण : समस्या कि समाधान, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा सामुदायिक सहभागिता जस्ता शीर्षकहरुमा थप अध्ययन अनुसन्धान गर्ने सुझाव प्रस्तुत गरिएको छ ।

# सन्दर्भ ग्रन्थसूची


अर्थ मन्त्रालय (२०६८), *वार्षिक अनुमानित बजेट २०६८/०६९,* काठमाडौं : लेखक ।

अधिकारी विनोदप्रसाद (२०६५), *समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक विद्यालयको व्यवस्थापनको अवस्था,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

आचार्य, अम्बिकाप्रसाद (२०६१), *नेपालको शैक्षिक सामान्य ज्ञान,* काठमाडौ : प्रशान्ति पुस्तक भण्डार ।

उपाध्याय, अशोकभक्त (२०६५), *शैक्षिक विकेन्द्रीकरणको आवश्यकता र समस्या,* काठमाडौ : शैक्षिक योजना तथा व्यवस्थापन समाज नेपाल 'EPMAN'।

काफ्ले, गणेश र सिंह, विजया (२०६७)*, नेपालका शिक्षा आयोगका प्रतिवेदनहरुको सारांश,* काठमाडौ : मकालु प्रकाशन गृह ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्र बहादुर र सिन्हा, रामस्वरुप (२०६०), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

दाहाल, केशवप्रसाद (२०६१), शिक्षामा विकेन्द्रीकरण र समुदायमा विद्यालय व्यवस्थापन हस्तान्तरण, *शैक्षिक उन्नयन,* वर्ष ६ अङ्क २, काठमाडौ : मकालु बुक्स एण्ड स्टेशनर्स ।

न्यौपाने, पुण्यप्रसाद (२०६१), *शैक्षिक विकेन्द्रीकरण अवधारण, आवश्यकता र चुनौती,* काठमाडौ : महिला शिक्षा महाशाखा, शिक्षा विभाग ।

पौडेल, लेखनाथ (२०५५), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

भट्ट, नारायणबन्धु (२०६१), *सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण प्रक्रियाको प्रभावकारिता* , अप्रकाशित स्नातकोत्तर शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्र रत्न क्याम्पस, काठमाडौं ।

भट्टराई, सरस्वती (२०६५), *समुदायद्वारा व्यवस्थापन गरिएका प्राथमिक विद्यालयको स्रोत व्यवस्थापन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. शिक्षाशास्त्र केन्द्रिय विभाग ।

शर्मा, गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमाडौ : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०६२), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु* , काठमाडौ : मकालु बुक्स एण्ड स्टेशनर्स ।

शिक्षा मन्त्रालय (२०६१), *शिक्षा ऐन २०२८ (आठौ संशोधन) अध्यादेश २०६१ तथा नियमावली २०५९*, काठमाडौं : लेखक ।

शिक्षा मन्त्रालय (२०६२), *शिक्षा (तेश्रो संशोधन) नियमावली २०६२,* काठमाडौ : लेखक ।

शिक्षा मन्त्रालय (२०६७), *शिक्षा ऐन, २०२८ (गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन २०६६ तथा शिक्षा नियमावली (छैटौं संशोधन) २०६७* काठमाडौं : लेखक ।

शिक्षा मन्त्रालय (२०५९), *समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन निर्देशिका, २०५९,* काठमाडौं : लेखक ।

शिक्षा मन्त्रालय (२०६०), *समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्यप्रणाली निर्देशिका २०६०,* काठमाडौं : लेखक ।

स्थानिय विकास मन्त्रालय (२०५६), *स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६,* काठमाडौं : लेखक ।

सिन्हा, रामस्वरुप (२०६२), *नेपालमा विद्यालय शासन एक समीक्षा ,* शैक्षिक उन्नयन वर्ष ७ अङ्क १ वैशाख, काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

ज्ञवाली, शिवशरण (२०६७), *सामुदायिकीकरण हो समाधान,* ललितपुर : शिक्षक मासिक पत्रिका वर्ष ३, पूर्णाङ्क ३४, माघ २०६७, ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

Adhikari, Laxuman, (2009). *Resource management of primary school in Sikkim*. Unpublished dissertation, submitted Educational planning and management Department, Tribhuvan University, Kirtipur.

CERID (2003), *Management Transfer of Public School*, Formative Research Project, Kathmandu : Author.

DOE (2060), *Community School Support Program*, Bhakpur : Author.

PPCC (2007), *Community Managed Schools in Nepal,* Kathmandu : Author.

# समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको सामुदायिक सहभागिता

## अनुसूची १

## विद्यालय निरीक्षकका लागि प्रश्नावली

नाम : ....................................................... मिति ..............................

पद : ......................

**बन्द प्रश्नावली**

१. तपाईंको कार्यक्षेत्रमा समुदायले व्यवस्थापन गरेका विद्यालय छन् ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

२. समुदायद्वारा सञ्चालित विद्यालयहरुको जि.शि.का. बाट नियमित रुपमा निरीक्षण तथा अनुगमन हुने गरेको छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

३. एकमुष्ट अनुदान रकम पाउने भएकाले मात्र विद्यालयहरु समुदायद्वारा सञ्चालन गर्न उत्सुक भएको अनुभव त तपाईलाई छैन ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

४. समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन निर्देशिका '२०५९' मा उल्लेख भए अनुसारका अनुदान रकमहरु उपलब्ध भएका छन् ?

छन् ☐ छैनन् ☐ भन्न सकिंदैन ☐

५. समुदायद्वारा सञ्चालित विद्यालयले आफ्नो पहुँचभित्रका समाधानयोग्य समस्यालाई पनि जि.शि.का. समक्ष ल्याउने गरेका छन् ?

छन् ☐ छैनन् ☐ भन्न सकिंदैन ☐

६. के समुदायद्वारा सञ्चालित विद्यालयका शैक्षिक प्रगतिका सूचकहरु अन्य सामुदायिक विद्यालयको भन्दा उच्च छन् ?

छन् ☐ छैनन् ☐ भन्न सकिंदैन ☐

७. सामुदायिक विद्यालयभन्दा समुदायद्वारा सञ्चालित विद्यालयको विद्यालय व्यवस्थापन समितिले बढी स्वायत्तता प्राप्त गरेको छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

८. समुदायद्वारा सञ्चालित विद्यालयले आफ्नो हरेक समस्याको समाधान निकाल्न सकेका छन् ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

९. समुदायद्वारा सञ्चालित विद्यालयलाई जि.शि.का. बाट प्रदान गरिएका अनुदान रकमहरुको सदुपयोग भएको पाइएको छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

१०. समुदायले विद्यालय व्यवस्थापन जिम्मा लिँदा जिल्ला शिक्षा कार्यालय र विद्यालय निरीक्षकहरुको जिम्मेवारी, उत्तरदायित्व तथा जवाफदेहिता कम भएको महशुस छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

११. नेपाल जस्तो अशिक्षा, गरिबी, वेरोजगारी र राजनैतिक द्धन्द्वग्रस्त मुलुकमा यो कार्यक्रम सफल हुन्छ ?

हुन्छ ☐ हुँदैन ☐ भन्न सकिंदैन ☐

१२. समुदायद्वारा सञ्चालित विद्यालयका विद्यालय व्यवस्थापन समितिले विद्यालय व्यवस्थापनका पक्षमा नवीन सोचहरु दिन सकेको छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

**<u>खुल्ला प्रश्नावली</u>**

१. समुदायद्वारा व्यवस्थित विद्यालयमा देखिएका सबल पक्षहरु के के हुन् ?

क) ............................................................

ख) ............................................................

ग) ............................................................

घ) ............................................................

ङ) ............................................................

२. समुदायद्वारा व्यवस्थित विद्यालय सञ्चालन हुँदा के के समस्याहरु उत्पन्न भएको महशुस गर्नु भएको छ ?

क) ............................................................

ख) ............................................................

ग) ............................................................

घ) ............................................................

ङ) ............................................................

३. देखिएका समस्याको समाधान तथा नराम्रा पक्षहरुको सुधारका लागि के के सुझावहरु दिनुहुन्छ ?

क) ............................................................

ख) ............................................................

ग) ............................................................

घ) ............................................................

ङ) ............................................................

## समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको सामुदायिक सहभागिता

## अनुसूची २

## स्रोतव्यक्तिका लागि प्रश्नावली

नाम : ................................................... ठेगाना : .......................

मिति : ..................................................

१. विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिंदा सबल पक्षहरु के के देख्नुभएको छ ?

क) ..............................................................

ख) ..............................................................

ग) ..............................................................

घ) ..............................................................

ङ) ..............................................................

२. समुदायद्वारा सञ्चालित विद्यालयहरुको अवस्थामा सुधार गर्न के के गर्नुपर्ला जस्तो लाग्दछ ?

क) ..............................................................

ख) ..............................................................

ग) ..............................................................

घ) ..............................................................

ङ) ..............................................................

३. हाम्रो देशमा यो कार्यक्रम सफल हुने प्रमुख आधारहरु के के हुन् ?

क) ..............................................................

ख) ..............................................................

ग) ..............................................................

घ) ..............................................................

ङ) ..............................................................

४. समुदायद्वारा विद्यालय सञ्चालन हुँदा के के समस्याहरु उत्पन्न भएको महशुस गर्नुभएको छ ?

क) ...............................................................

ख) ...............................................................

ग) ...............................................................

घ) ...............................................................

ङ) ...............................................................

५. देखिएका समस्याहरुको समाधानका लागि के के सुझावहरु दिनुहुन्छ ?

क) ...............................................................

ख) ...............................................................

ग) ...............................................................

घ) ...............................................................

ङ) ...............................................................

# समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको सामुदायिक सहभागिता

## अनुसूची ३

## वि.व्य.स. अध्यक्षका लागि प्रश्नावली

विद्यालयको नाम : ..........................................................................................

वि.व्य. स. अध्यक्षको नाम : ...............................................................................

ठेगाना : ..........................................      मिति ..............................

१. विद्यालय व्यवस्थापनका विविध पक्षमा समुदायको सहयोग लिने गरिएको छ ?

छ ☐      छैन ☐      सहयोग नै प्राप्त हुँदैन ☐

२. विद्यालयका भेलाहरु, बैठकहरु तथा कार्यक्रमहरुमा अभिभावकहरु संलग्न हुने गरेका छन् ?

छन् ☐      छैनन् ☐      विद्यालयमा आमन्त्रण नै गरिंदैन ☐

३. वि.व्य.स. बाट विद्यालय व्यवस्थापनका पक्षमा नवीन सोचको प्रयोग भएको छ ?

भएको छ ☐      भएको छैन ☐      यथास्थिति ☐

४. एकमुष्ट अनुदान पाइने भएकोले मात्र विद्यालय व्यवस्थापन जिम्मा लिइएको त होइन?

हो ☐      होइन ☐      जनसहभागिता वृद्धिका लागि ☐

५. जि.शि.का.बाट उपलब्ध लक्षित छात्रवृत्तिको सही प्रयोग भएको छ ?

छ ☐      छैन ☐      प्र.अ.लाई मात्र थाहा छ ☐

६. विद्यालय समुदाय बीचको सम्बन्ध समधुर छ ?

छ ☐      छैन ☐

सम्बन्ध विस्तारका लागि विद्यालयले कुनै पहल गरेको छैन ☐

७. विद्यालयको आर्थिक कार्यक्रम तथा खर्च बारे अभिभावकलाई सुसूचित गर्ने गरिएको छ ?

छ ☐      छैन ☐      यसतर्फ ध्यान नै गएको छैन ☐

८. अभिभावक भेला लक्ष्य अनुरुप हुने गरेको छ ?

छ ☐      छैन ☐      अभिभावक भेलाको औचित्य नै छैन ☐

९. विद्यालयको सेवा क्षेत्रभित्रका विद्यालय नआएका सवै बालबालिकालाई विद्यालयमा भर्ना गराउन कुनै विशेष कार्यक्रम सञ्चालन गरिएको छ ?

छ ☐ छैन ☐ कार्यक्रमको आवश्यकता नै छैन ☐

१०. उत्पीडित, दलित जनजातिका विद्यालयबाट वञ्चित बालबालिकालाई विद्यालय प्रवेश गराउन कार्यक्रमहरु बनाइएका छन् ?

छन् ☐ छैनन् ☐ यस सम्बन्धी सोच नै छैन ☐

११. जि.शि.का बाट नियमित रुपमा निरीक्षण तथा अनुगमन हुने गरेको छ ?

छ ☐ छैन ☐ निरीक्षणको आवश्यकता नै छैन ☐

१२. जि.शि.का.बाट थप अन्य अनुदान प्राप्त हुने गरेको छ ?

छ ☐ छैन ☐ थाहा छैन ☐

१३. शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न सम्बन्धित निकायसँग सहयोग माग्नु भएको छ ?

छ ☐ छैन ☐ यो काम जि.शि.का.को हो ☐

१४. के तपाईंको विद्यालयमा शिक्षकहरुले समयमा तलब भत्ता पाउँछन् ?

पाउँछन् ☐ पाउँदैनन् ☐ निजी स्रोत शिक्षकहरुले समयमा पाउँदैनन् ☐

१५. विद्यालयको वार्षिक कार्ययोजना निर्माण गर्ने विषयमा प्र.अ. बाहेक वि.व्य.स.का अन्य पदाधिकारीहरु र तपाईं स्वयंको कस्तो भूमिका रहन्छ ?

सक्रिय ☐ सामान्य ☐ अति न्यून ☐

१६. विद्यालयका लागि आवश्यकस्रोत जुटाउन तपाईंहरुले केही पहल गर्नुभएको छ ?

छ ☐ छैन यो काम त प्र.अ. को हो

१७. कानूनको प्रतिकूल नहु☐ विद्यालय हितका लागि कुनै सरकारी ☐सरकारी संस्थासँग सम्झौता गर्नु भएको छ ?

छ ☐ छैन ☐ यस सम्बन्धी सोचिएकै छैन ☐

१८. तपाईंहरुले विद्यालयको व्यवस्थापनको जिम्मेवारी लिएपछि विद्यालय सञ्चालनार्थ केही विनियमहरु बनाई कार्यान्वयनमा ल्याउनु भएको छ ?

छ ☐ छैन ☐ विनियमको आवश्यकता नै महशुस गरिएको छैन ☐

१९. तपाईंले शिक्षक र शिक्षण सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न महिनामा कति पटक विद्यालय जानुहुन्छ ?

पटक ☐ २ पटक ☐ ३ पटक वा त्यो भन्दा बढी ☐

२०. विद्यालयलाई समुदायको सहयोग कस्तो खालको छ ?

ठिकै ☐ अत्यन्त राम्रो ☐ नाम मात्रको ☐

२१. विद्यालय सञ्चालनको जिम्मा वि.व्य.स.मा आएपछि जि.शि.का.बाट कस्तो खालको व्यवहार पाउनु भएको छ ?

पहिलाको जस्तै ☐ पहिलाभन्दा राम्रो ☐ पहिलाभन्दा नराम्रो ☐

**खुल्ला प्रश्नावली**

१. समुदायवाट व्यवस्थित सामुदायिक विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिंदा के के राम्रा पक्षहरु अनुभव गर्नुभयो ?

क) ...............................................................

ख) ...............................................................

ग) ...............................................................

घ) ...............................................................

ङ) ...............................................................

२. विद्यालयको आर्थिक स्थिति तथा भौतिक सुविधा विस्तार गर्न वि.व्य.स. ले कस्ता कार्यक्रमहरु संचालन गर्दै आएकोछ ?

क) ...............................................................

ख) ...............................................................

ग) ...............................................................

घ) ...............................................................

ङ) ...............................................................

३. विद्यालयको व्यवस्थापन समुदायलाई दिएपछि कुन कुन पक्षमा सुधार भएका छन् ?

क) ...............................................................

ख) ...............................................................

ग) ...............................................................

घ) ...............................................................

ङ) ...............................................................

४. विद्यालय आउन नसकेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन के कस्ता पहल भएका छन् ?

क) ................................................................

ख) ................................................................

ग) ................................................................

घ) ................................................................

ङ) ................................................................

५. तपाईहरुले विद्यालयको व्यवस्थापनको जिम्मेवारी लिएपछि विद्यालय सञ्चालनार्थ केही विनियमहरु बनाई कार्यन्वयनमा ल्याउनु भएको भए के कस्ता विनियमहरु बनाउनु भएको छ ?

क) ................................................................

ख) ................................................................

ग) ................................................................

घ) ................................................................

ङ) ................................................................

६. समुदायले विद्यालयको व्यवस्थापन गर्ने क्रममा कस्ता समस्याहरु आइपरेका छन् ?

क) ................................................................

ख) ................................................................

ग) ................................................................

घ) ................................................................

ङ) ................................................................

७. उक्त समस्याहरु समाधन तथा नराम्रा पक्षहरुको सुधार गर्न तपाईंका सुझावहरु के के छन् ?

क) ................................................................

ख) ................................................................

ग) ................................................................

घ) ................................................................

ङ) ................................................................

## समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको सामुदायिक सहभागिता

## अनुसूची ४

## शिक्षक अभिभावक संघका अध्यक्षका लागि प्रश्नावली

नाम : .....................................

ठेगाना ........................................ मिति : ..............................

१. विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिंदा के के राम्रा पक्षहरु देख्नु हुन्छ ?

क) ..............................................................

ख) ...............................................................

ग) ...............................................................

घ) ...............................................................

ङ) ...............................................................

२. विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिंदा के के समस्या उत्पन्न भएको महशुस गर्नु भएको छ ?

क) ...............................................................

ख) ...............................................................

ग) ...............................................................

घ) ...............................................................

ङ) ...............................................................

३. देखिएका समस्याहरुको समाधान एवम् नराम्रा देखिएका पक्षहरुको सुधार गर्न के के सुझावहरु दिनुहुन्छ ?

क) ...............................................................

ख) ...............................................................

ग) ...............................................................

घ) ...............................................................

ङ) ...............................................................

४. विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिने कार्यक्रमलाई प्रभावकारी पार्न के गर्नुपर्ला ?

क) ..............................................................

ख) ..............................................................

ग) ..............................................................

घ) ..............................................................

ङ) ..............................................................

## समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको सामुदायिक सहभागिता

## अनुसूची ५

## विद्यालय प्रधानाध्यापकका लागि प्रश्नावली

विद्यालयको नाम : ..............................................

ठेगाना : ............

प्र.अ.को नाम : ................................................... मिति : ................

**बन्द प्रश्नावली**

१. विद्यालयले बढी स्वायत्तताको महशुस गर्न सकेको छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

२. विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालय र समुदायको सम्बन्ध प्रगाढ हुन सकेको छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

३. विद्यालयसँग सम्बन्धित महत्वपूर्ण विषयमा निर्णय गर्दा निर्णय प्रक्रियामा समुदायलाई संलग्न गराउने गरिएको छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

४. जि.शि.का. बाट नियमित रुपमा विद्यालयको निरीक्षण तथा अनुगमन हुने गरेको छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

५. विद्यालयले गरेका निर्णय कार्यान्वयनमा जि.शि.का. ले सहयोग गरेकोछ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

६. विद्यालय व्यवस्थापन समितिको भूमिका प्रजातान्त्रिक छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

७. विद्यालय व्यवस्थापन समितिले विद्यालयको प्रशासनिक काम कार्यवाहीमा दवाव दिने गरेको छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

८. विद्यालयको शैक्षिक प्रगतिका सूचाङ्कहरु पहिलेभन्दा सुधार उन्मुख छन् ?

छन् ☐ छैनन् ☐ भन्न सकिंदैन ☐

९. विद्यालयको आर्थिक कारोवार पारदर्शी छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

१०. विद्यालयको बजेट तर्जुमा गर्दा समुदायलाई सुसूचित गर्ने गरिएको छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

११. अभिभावकबाट विद्यालयलाई सहयोग प्राप्त भएको छ ?

छ ☐ छैन ☐ भन्न सकिंदैन ☐

१२. विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिने सरकारी नीति तपाईंलाई कस्तो लाग्यो ?

अत्यन्तै राम्रो ☐ ठीकै ☐ नराम्रो ☐

**खुल्ला प्रश्नावली**

१. समुदायद्वारा विद्यालय सञ्चालन हुँदा के के राम्रा पक्षहरु पाउनु भयो ?

क) ..............................................................

ख) ..............................................................

ग) ..............................................................

घ) ..............................................................

ङ) ..............................................................

२. समुदायद्वारा विद्यालय सञ्चालन हुँदा समस्याहरु के के अनुभव गर्नुभयो ?

क) ..............................................................

ख) ..............................................................

ग) ..............................................................

घ) ..............................................................

ङ) ..............................................................

३. समस्याहरु समाधान गर्न र नराम्रा पक्षहरुको सुधार गर्न तपाईंले अनुभव गर्नु भएका सुझावहरु के के छन् ?

क) ..............................................................

ख) ..............................................................

ग) ..............................................................

घ) ..............................................................

ङ) ..............................................................

४. विद्यालयका लागि आवश्यक स्रोत जुटाउने सम्बन्धमा समुदायले के कस्ता कार्यहरु गरेको छ ?

क) ................................................................

ख) ................................................................

ग) ................................................................

घ) ................................................................

ङ) ................................................................

५. समुदायले विद्यालयको व्यवस्थापनको जिम्मेवारी लिएपछि विद्यालय सञ्चालनार्थ कस्ता विनियमहरु तयार गरी कार्यान्वयनमा ल्याइएको छ ?

क) ................................................................

ख) ................................................................

ग) ................................................................

घ) ................................................................

ङ) ................................................................

६. समुदायले विद्यालय व्यवस्थापनको जिम्मा लिएपछि एउटा प्रशासनिक प्रमुखको हैसियतले जिम्मेवारी बहन गर्दा के कस्ता समस्याहरु आइ परे ?

क) ................................................................

ख) ................................................................

ग) ................................................................

घ) ................................................................

ङ) ................................................................

## समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको सामुदायिक सहभागिता

## अनुसूची ६

## विद्यालयका शिक्षकहरुका लागि प्रश्नावली

विद्यालयको नाम : ...................................................

ठेगाना : ......................

शिक्षकको नाम : ..................................................   मिति : ........................

बन्द प्रश्नावली

१. तपाई कार्यरत विद्यालयमा महत्वपूर्ण विषयका निर्णय प्रक्रियामा समुदायको संलग्नता कस्तो पाउनु भएको छ ?

संलग्नता बढेको ☐ संलग्नता घटेको ☐ संलग्नताप्रति उदासीन ☐

२. विद्यालय व्यवस्थापन समिति र अभिभावक भेलामा राजनैतिक प्रभाव कस्तो खालको छ ?

राजनैतिक प्रभाव बढी छ ☐ राजनैतिक प्रभावबाट मुक्त छ ☐

कामै गर्न नसकिने अवस्था छ ☐

३. यस विद्यालयको व्यवस्थापनको जिम्मेवारी समुदायले लिएपछि शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि समुदाय (वि.व्य.स.) ले केही पहल गरेको छ ?

गरेको छ ☐ गरेको छैन ☐ भन्न सक्दिन ☐

४. यस विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएपछि विद्यालयको हितका निम्ति समुदायले कुनै सरकारी वा गैरसरकारी संस्थासँग सम्झौता गरेको छ ?

गरेको छ ☐ गरेको छैन ☐ सोचको अभाव छ ☐

५. विद्यालयको वार्षिक कार्ययोजना निर्माणका सम्बन्धमा वि.व्य.स. (समुदाय) का अन्य पदाधिकारीद्वारा प्र.अ.लाई कस्तो सहयोग रहन्छ ?

सक्रिय ☐ सामान्य ☐ न्यून ☐

६. विद्यालयका लागि आवश्यक अन्य स्रोत जुटाउने सम्बन्धमा समुदायले केही कार्यहरु गरेको छ ?

गरेको छ ☐ गरेको छैन ☐ चासो नै छैन ☐

७. यस विद्यालयमा कार्यरत दरवन्दीका र निजी दुवै खाले शिक्षकहरुले समयमै तलब भत्ता पाउनु भएको छ ?

पाएको छ ☐ पाएको छैन ☐

निजी स्रोतका शिक्षकहरुले पाएको छैन ☐

**खुल्ला प्रश्नावली**

१. विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिंदा के के राम्रा पक्षहरु अनुभव गर्नुभयो ?

क) ..............................................................

ख) ..............................................................

ग) ..............................................................

घ) ..............................................................

ङ) ..............................................................

२. समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिएपछि एउटा शिक्षकको रुपमा भूमिका निर्वाह गर्ने क्रममा तपाईंलाई के कस्ता समस्याहरु आइपरेका छन् ?

क) ..............................................................

ख) ..............................................................

ग) ..............................................................

घ) ..............................................................

ङ) ..............................................................

३. उक्त समस्याहरुको समाधानका लागि तपाईंको विचारमा के गर्नु पर्छ ?

क) ..............................................................

ख) ..............................................................

ग) ..............................................................

घ) ..............................................................

ङ) ..............................................................

## समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको सामुदायिक सहभागिता

## अनुसूची ७

## विद्यालय अवलोकन फाराम

विद्यालयको नाम :

ठेगाना :

| क्र.सं. | विवरण | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| १ | विद्यालयमा विद्यार्थीहरुको अनुशासन | | | |
| २ | विद्यालयमा विद्यार्थीको नियमितता | | | |
| ३ | शिक्षक अनुशासन | | | |
| ४ | शिक्षकहरुको नियमितता | | | |
| ५ | तालिम प्राप्त शिक्षकको उपलब्धता | | | |
| ६ | विद्यालयको भौतिक साधनमा पर्याप्तता | | | |
| ७ | भौतिक साधनको उचित प्रयोग | | | |
| ८ | शैक्षिक सामग्रीको उपलब्धता | | | |
| ९ | शैक्षिक सामग्रीको प्रयोग | | | |
| १० | अतिरिक्त क्रियाकलापको आयोजना | | | |
| ११ | समुदायद्वारा विद्यालयको अनुगमन तथा निरीक्षण | | | |
| १२ | समुदायद्वारा प्रधानाध्यापक तथा शिक्षकहरुको अनुगमन तथा निरीक्षण | | | |
| १३ | विद्यालयको आर्थिक स्रोतमा वृद्धि | | | |
| १४ | आर्थिक स्रोतको उपयुक्त परिचालन | | | |
| १५ | आर्थिक स्रोत जुटाउन सक्रियता | | | |
| १६ | शिक्षक र समुदायको सम्बन्ध | | | |
| १७ | समुदायको निर्णय कार्यान्वयन | | | |
| १८ | शिक्षकको क्षमता अभिवृद्धिका लागि आवश्यक पहल | | | |
| १९ | शिक्षकलाई समयमै तलब भत्ता उपलब्धताको स्थिति | | | |

| | | | | |
|---|---|---|---|---|
| २० | विद्यालयको वार्षिक कार्ययोजना निर्माणमा समुदायको संलग्नता | | | |
| २१ | वि.व्य.स. पदाधिकारी, प्र.अ. एवम् शिक्षकको नामावली प्रदर्शन | | | |
| २२ | वासलात, मासिक आम्दानी र खर्च विवरण विद्यालयमा प्रदर्शन | | | |
| २३ | विद्यालयका शैक्षिक उपलब्धि सूचकहरु विद्यालयमा प्रदर्शन | | | |
| २४ | विभिन्न विनियमहरुको  निर्माण र कार्यान्वयन | | | |
| २५ | विभिन्न समितिहरुको गठन तथा सक्रियता | | | |

## समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको सामुदायिक सहभागिता

## अनुसूची ८

## तुलनात्मक भौतिक व्यवस्थापनको अवस्था

| क्र.स. | विद्यालयको नाम | समुदायद्वारा व्यवस्थापन हुनु पूर्वको अन्तिम वर्षसम्म | समुदायद्वारा व्यवस्थापन भएपछिका प्रथम वर्ष | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |